# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१२ , अंक- २३, २०७६ साल माघ २१ गते मंगलबार (Feb 4, 2020) www.janaakash.com.np मुल्य रू १०।-


# राजनीतिक पार्टीहरू सधै चर्चामा

- देश सधै अन्यौलमा ।
- काग्रेसले गरेको मनोनयनको चर्चा ।
- डबल नेकपाको केन्द्रीय कमिटीको बैठकको चर्चा ।
- भुरे टाकुरे पार्टीहरुको बजारम छरिका पर्चा ।
- देशका लागि लेखिएको काम केही नदेखिएको ।

*- मोहन कार्की*

हाम्रो देश नेपालमा नेपालको उन्नति प्रगति नेपालीहरुको हित कसरी हुन्छ र राष्ट्रिय नीतिहरु दिर्धकालीन रुपमा नेपाल र नेपालीहरुको पक्षमा बनाउन सकिन्छ भनेर सोच बनाइ बिज्ञहरु राखेर कुनै पनि पार्टीहरुले सरकारमा पुग्दा होस वा सरकारभन्दा बाहिर हुदा नै किन नहोस त्यस्तो खालका योजना हालसम्म कुनै पनि पार्टीहरुले बनाएको देखिएको छैन । चाहे त्यो ठुलो भनिएको डबल नेकपा होस वा बिगतमा प्रजातन्त्र स्थापना पछि धेरै शासन संचालन गर्ने अवसर पाएको नेपाली कांग्रेस होस वा भुरे टाकुरे पार्टीको प्रमुखको खम्वा समातेर बसेका निर्वाचन आयोगमा दर्ता भएकाहरु वा कुनै बैधानिक नलिएका तर देश र जनता भन्दै देशका भौतिक संरचना भत्काउन र नेपाली नागरिकहरुलाई आताङकीत पादै उनिहरुले गरेको माग पुरा नभए आफ्नै देशका नागरिकहरु समेत मार्न तल्लीन रहेका पार्टी यावत विभिन्न खाले दशतिर मुख फर्काएका सयौथरी पार्टीहरुको कार्यक्रमले प्रथामिकता पाउने तर नेपाल देशको दिर्धकालीन हित नेपालीमुखी अभियाँन, योजना भने सधै अन्यौलम रहिराख्नले नेपालको उन्नति प्रगति भगवान भरोसामा चलिरहेको छ ।

नेपालका सञ्चार माध्यममा समेत नेपाल देशको भुगोल त्यहाको अवस्था नेपालका बिबिध खालका भौगोलिक क्षेत्रहरुमा फरक फरक खालको हावापानी वातावरण र फरक फरक खालको बनोटका कारण फरक फरक तरिकाले मानवीय सोचलाई समेत समेटेर समग्र नेपालीहरुको हितको लागि र नेपाल देशको प्रगतिको लागि के गर्न सकिन्छ भनि तथ्याङ लिने त्याहाका स्थानियको अनुभवलाई आधार बनाउने र त्यसको आधारमा नेपालको वास्ताविकतालाई उजागर गर्नु पदथ्यो त्यो नेपालका स्वर्निभर पत्रपत्रिकाले त्यो काम गरेको भएपनि ठुला भनिएका सञ्चार माध्यमले पार्टीहरुको कार्यक्रमलाई नै प्रथामिकतामा राखेर काम गरिरहेका छन् । जसले गर्दा नेपालको दिर्धकालीन बिकाशका लागि दवाव सृर्जना हुन सकेको छैन । एकातिर भने पार्टीले गरेका निर्णय प्रथामिकतामा राखेर प्रचार प्रसार गर्ने सञ्चार माध्यमहरु पार्टीका मुखपत्र जस्ता देखिन्छन् । तिनै सञ्चार माध्यमहरु राष्ट्रियस्तरको मान्यता पाइराखेका छन् । त्यही पार्टीको मुखपत्र जस्तो बनाएर चलाएका सञ्चार माध्यमहरुले अहिले पछिल्लो समयमा प्रवाह गरेका समाचार पनि त्यही खालका देखिन्छन् । नेपाली कांग्रेसले गरेको नेपाल बिद्यार्थी संघमा गरेको नियुक्ति, डबल नेकपाको दोस्रो केन्द्रीय बैठक, राप्रपा संयुक्त र राप्रपा बीचको एकताको छलफल, भुरे टाकुरेहरुले दिनहु गर्ने गरेको भेला छर्ने गरेको पर्चाको निक्कै चर्चा हुने गरेको छ । प्रचामा देशको लागि लेखिएको भएपनि काम भने केही बाँकी २ पृष्ठमा

## नेकपा मालेले सम्भुराम श्रेष्ठलाई सम्झयो

काठमाडौं । नेपाली कम्युनिस्ट आन्दोलनका अघिल्लो पुस्ताका नेता शम्भुराम श्रेष्ठको १४ औं स्मृतिदिवस सम्पन्न भएको छ । नेकपा मालेको केन्द्रीय कार्यलय काठमाडौको रातोपुलमा भएको कार्यक्रममा काठमाडौं जिल्ला सचिव



सिद्दी महर्जनको अध्यक्षता एवम् स्थायी कमिटी सदस्य सुरेन्द्र ढकालको प्रमुख अतिथ्यतामा कार्यक्रम भएको थियो । कार्यक्रमको अतिथिहरुमा स्थायी कमिटी सदस्य कृष्ण राना, केन्द्रीय कार्यालय सचिव महेन्द्र शाह, केन्द्रीय कमिटी सदस्य तथा शम्भुरामकी कान्छी छोरी मधु श्रेष्ठ र उषा टिवेडेवाल रहनु भएको थियो । भने नेकपा मालेका काठमाडौ जिल्ला कमिटी सदस्यहरु, नेवा दवुका पदाधिकारीहरु नेकपा मालेका बिद्यार्र्थीहरु, मजदुर संगठनका सदस्यहरु लगायतको उपस्थितिमा शम्भुरामले कम्युनिष्ट आन्दोलनमा पुऱ्याएको योगदानको बारेमा सवैले चर्चा र प्रसंसा गरेका थिए ।

## सरकार र संसद एकतर्फी ढंगले अगाडि बढ्यो: पत्रकार महासंघ

काठमाडौं । संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रता एवं अभिव्यक्ति स्वतन्त्रता कार्यान्वयनका लागि विभिन्न ऐनकानुन निर्माण एवं परिमार्जनका सन्दर्भमा नेपाल पत्रकार महासंघसहित सम्बद्ध पक्षले गम्भीरतापूर्वक चासो




व्यक्त गर्दै आइरेहका छन् । तर, यी कानुन निर्माणमा सरकार र संसद एकतर्फी ढंगले अगाडि बढिरहेकोमा महासंघको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । संविधानको उद्देश्य पूर्तिका लागि विभिन्न कानुनहरुको निर्माण, सुधार र संशोधन हुनु स्वभाविक हो । यसरी कानुन निर्माण गर्दा संविधानको मूल भावना अनुकूल हुनेगरी सरोकारवाला पक्षसँग समेत पर्याप्त छलफल गरिनुपर्छ भन्ने महासंघको मान्यता रहेको छ । यसप्रति सरकार र संसद संवेदनशील हुन महासंघको जोडदार माग रहँदै आएको छ ।

हाल संसदीय प्रक्रियामा रहेको मिडिया काउन्सिलसम्बन्धी विधेयकमा रहेका संविधान तथा प्रेस स्वतन्त्रताका विश्वव्यापी मान्यता बाँकी २ पृष्ठमा

# तेमाल -६ को आँखा शिविर सम्पन्न

काभ्रे । तेमाल गाउँपालिका वडा नं. ६ ठुलो पर्सेलको आयोजनामा सञ्चालित ३ दिने निःशुल्क आँखा शिविरमा आएका जो कोही पनि निराशा भएर जानु परेन । वडा अध्यक्ष विकुलाल तामाङ मोक्तानका अनुसार ३ दिनको आँखा शिविरमा २१४ जनाको निःशुल्क चेक जाँच गरेकोमा ५५ जनाको निःशुल्क आँखाको सफल अप्रेशन भएको छ । ५५ जनाको मेजर अप्रेशन मध्य ९ जनाको दुबै आँखाको अप्रेशन गर्न सफल भएको बताउनु भयो ।

मनोज एशोसिएशन फ्रान्स, मुटु फाउन्डेशनका अध्यक्ष धनबहादुर गुरूङ साथमा नेपाल आँखा अस्पताल त्रिपुरेश्वरको सहयोगमा ३ दिने निःशुल्क आँखा शिविर सञ्चालन गर्न सफल भएको वडा अध्यक्ष विकुलाल तामाङ मोक्तानले बताएका हुन् ।

सिन्धुली जिल्ला, रामेछाप लगाएतका जिल्लाबाट निःशुल्क आँखा चेक जाँचका लागि विरामीहरू आएका थिए ।






सुनकोशी गाउँपालिका वडा नं. १ सिन्धुलीका बाँकी २ पृष्ठमा

# स्ववियु निर्वाचनमा भाग लिन्छौं : नेविसंघ

काठमाडौं । आगामी फागुन १४ गते हुने स्वतन्त्र विद्यार्थी युनियन ( स्ववियु) निर्वाचनमा सक्रियरुपमा सहभागी हुने नेपाल विद्यार्थी सङ्घ ( नेविसङ्घ) को नयाँ नेतृत्वले स्पष्ट गरेको छ । नेविसङ्घका नवनियुक्त अध्यक्ष राजीव ढुङ्गानाले आफूहरुको पहिलो मुद्दा नै स्ववियु निर्वाचन भएकोले विगत १० वर्षदेखि हुन नसकेको निर्वाचनमा सक्रिय भाग लिने बताउनुभयो ।

हामी मनोनित हुँनासाथ हाम्रो पहिलो कार्यसूची नै स्ववियु निर्वाचन हो" उहाँले भन्नुभयो, "निर्वाचनमा सक्रिय भाग लिएर सफल बनाउछौं ।"



उहाँले निर्वाचनका सम्बन्धमा त्रिवि पदाधिकारीसँग पनि आफूहरुले छलफल गरिरहेको समेत जानकारी गराउनुभयो । उहाँले स्ववियु निर्वाचनको वातावरण बनाउन त्रिविलाई आग्रह गर्नुभयो । "त्रिविमा निर्वाचन गर्ने प्रमुख निर्वाचन अधिकृत भनेको रेक्टर हो", उहाँले भन्नुभयो, "त्रिविले चाडै रेक्टर नियुक्त गरेर स्ववियु निर्वाचनको वातावरण बनाउनुपऱ्यो ।" त्रिविमा २०६५ सालयता सबै क्याम्पसमा स्ववियु निर्वाचन हुन बाँकी २ पृष्ठमा




'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# नेपाल देश नेपालीहरुले बनाऔ

नेपालको देशको बारेमा सवै नेपालीहरुले चासो राखेको भेटिन्छ । नेपाल देश सवै नेपालीहरुको उत्तिक्कै दाइत्व र जिम्मेवारी पनि छ । नेपाल देशको माया जो नेपाली भएर जन्म्यो कुन चै नेपालीलाई नेपाल देशको माया नहोला र , त्यो हुदाहुदै पनि सवैले नेपाल बनेन् नेपालीहरुले दखः पायौ भनि चिन्ता गरेको पाउछौ र हामी जो कोहीले कसैलाई गाली गर्न पायौ भने पछि कोही पनि परेका हुदैनौ । यो हाम्रो दोस नभएर नेपालका हाम्रो देशमा १९९३ पछि राणा बिरुद्ध खोलिएका राजनीतिक पार्टीहरुले शासन सत्ता हत्याउनको लागि बिगतमा सिकाएको गलत चलन हो । त्यही चलन अहिले पछिल्लो अवस्थासम्म आईपुग्दा निरन्तरता पाउदै निरासा भर्ने र कुरा बढी गर्ने काम थोरै गर्ने अनि निरासा आफै हुने र अरुलाई पनि त्यस्तै हुन सिकाउने जो कोही नेपाली तपाई हामी धेर जति नेपालीहरुमा यो समस्या छ । हामीहरु भन्ने गछौ, हाम्रोमा वातावरण छैन । काम गर्ने तरिका ठिक छैन, सरकारले योजना वनाउदैन, भनेर निरास हुदै बिदेशतिर लाग्नेहरुको भिड दिनानु दिन बढ्दो छ । गइरहेका छौ । हामी जुन देशमा गएर काम गछौ त्यो देशका ठुला ठुला भवन, सडक, पुल हामीले बनाएका छौ । आ□नै देश नेपालमा अन्य देशका कामदार ल्याएर काम गराएका छौ यो मिलेको छैन ।, बिदेशी उधोगमा उत्पादन हुने सामानहरुको अधिक उत्पादन हामीले गरिराखेका छौ । सरदर मार्षिक ३० देखि ५० हजारमा हामी काम गरिरहेका छौं । असाध्यै जागरिला छौ आ□नो देशमा काम साना तिना काम गर्न अप्ठ्यारो लागे पनि बिदेशी भुमिमा गएपछि साना भन्दा साना काम पनि निसंकोच गर्ने गरेका छौ ।

तर आ□नै देशमा काम गर्न त्यति रुचि राखेका छैनौ नेपाल स्वर्गभन्दा प्यारो भनेर त्यही बिदेश गएका हामीहरुले आजको प्रविधिको प्रयोग गरेर सामाजिक सञ्जाल फेसबुक, लगायतमा लेखेका छौ । नेपालीहरुलाई जतिको देशभक्ति सायद संसारका कुनै पनि अन्य देशका मानिसहरुमा छैन होला । तै पनि नेपाल देशको भौतिक पुर्वधार, जलबिधुत, हस्पिटल, स्कुल, क्याम्पस, सडक, कृषिका पुर्वधार, हवाइजाहाज मैदान, सिचांई नहरहरु, सुरुङमार्ग उधोगहरु ठुला ठुला भवनहरु बनाउन शुरु गरेको र तोकेको समयमा बन्दैनान् बनाउदैनौ । त्यसको उदारण माथिल्लो तामाकोशी जलबिधुत आयोजना, मेलम्ची खानेपानी आयोजना, कुलेखानी तेस्रो, खोकना निजगढ फाष्ट ट्र्याक लगायत थुप्रै योजनाहरु तोकेको समय भन्दा पनि दोब्बर समयसीमा सम्म बनाउन सकेका छैनौ ।

त्यो अरु कुनै कारण नभएर नेपालका नेपालीहरुले नै नेपालको भौतिक पुर्वधारहरु बनाउने आट गदैनौ तवसम्म नेपालको बिकाश हुने कुरामा हामीले निराशा ब्याक्त गर्नु बाहेका केही पनि पाउदैनौ । यो हम्रो नेपाल हामी नेपालीले नबनाएसम्म कोही कसै बिदेशीले बनाइदिदैन । दक्ष कामदार तथा नेपालको हरेक क्षेत्रमा योग्य दक्ष जनशक्तिको अभाव हुदै गएपछि आज नेपालमा हरेक क्षेत्रमा भारतीय, चिनिया ,पाकिस्तान, बगलादेशी आएर नेपालमा काम गरिरहेका छन् । एउटा कबाडीको बोतल टिप्ने देखि ठुला होटल चलाउनेहरु सम्म र उधोगहरुमा अपरेटरको रुपमा र ठुला उधोग सञ्चालन गर्नेहरु समेत उनिहरुको बाहुल्यता देखिन्छ ।

एकातिर नेपालीहरु बिदेशमा काम गर्न जाने र अर्को तर्फ नेपालमा काम गर्ने जनशक्ति कम हुदा नेपालमा बिदेशी कामदारहरु ल्याएर काम गराउनु पर्दा नेपालको बिकाश छिटो हुन नसकेको हो । किनकी अरु देशका मानिसहरुलाई नेपालको बिकाश छिटो हुनु र नहुनुमा के चिन्ता तर हामी नेपाली आफैले बनायौ भने हामीले आ□नो देशको बिकाशका कामहरु ढिलो गर्दा आ□ना नेपालीहरुले सुविधावाट बञ्चित हुन्छन् बिकाशका सुचांकमा पछि पछौ भन्ने सोच राखेर काम गर्न सक्छौ त्यो अनिवार्य मानवीय सोभावैमा आउछ ।

त्यसैले नेपाल देश बनाउन नेपालीहरुवाट नै सम्भव छ । नेपालका निर्माण कम्पनीहरुवाट नै सम्भव छ । नेपालीहरुले राणाकालीन आवस्थामा त ठुला ठुला भवन बनाउन सकेका रहेछन् त्यो आज पनि सिंहदरवार लगायत सरकारी कार्यलयाहरु राणाकालीन अवस्थामा बनेका भवनहरुमा नै छन् । आजको आधुनिक युगमा नयाँ नयाँ प्रविधि नेपाल आफैले बनाउन नसके पनि बिदेशमा बनेका निर्माणका लागि प्रयोग हुने अत्यधुनिक मेशिनहरु नेपाली निर्माण कम्पनीहरुले किनेर काम गरिरहेका छन् त्यसैले नेपालीहरुलाई बिदेशमा प्रप्त हुने बराबरको पारिश्रमिका नेपालमा उपलब्ध गराई दक्ष नेपाली कामदार बिदेश जान रोकेर नेपालीहरुको सिप क्षमता लाई कदर गदै नेपालको बिकाश नेपालीहरुले नै गर्न सक्छन् भन्ने वातावरण बनाउनु पर्छ र निराश बोकेर जानेर वा नजानेर चियाँ गफ गरेर वस्नु भन्दा सामान्य भन्दा सामान्य पनि काम हो । काम गरेपछि मात्र बिकाश हुन्छ भन्ने सवैमा जागरुकता ल्याउनु पर्छ र नेपाल देशको बिकाश नेपालीहरुवाट नै खोज्नुपर्छ । यो आम नेपालीहरुको कत्व्य हो ।

# छलकपटको राजनीति

**मोहन पोखरेल**



राज्य संचालनका लगि कुनै पनि शासन व्यवस्था खराव हुदैन । खराव हुने कारण के हो भने त्यो ब्याक्ति बिशेषको आचरण र ब्यवहारमा भर पर्ने कुरा हुन् । व्यवस्था र्निजीव हुन्छ । व्याक्ती जीवित आत्म हो ।

जिवित अत्महरुको झुकावले र्निजिव शासन पद्धतिलाई व्यवहारमा उर्तानु पर्दा ब्याक्ति विशेषको प्रजातन्त्रिक र निरंकुशवादी आचारण जिम्मेवार हुने हुदा त्यसैले राष्ट्रको भविष्य निर्धारण गर्छ । राणा साशनका शुरुका दिनको ब्यवहारिक जिम्मेवारी जंङ बहादुर राणालाई भिराए झै पञ्चायति व्यवस्था र संसदीय शासन प्रणलीको राजनीतिक र व्यवहारीक जिम्मेवारी राजा महेन्द्र र बिपी कोईरालाको बिशेष ब्याक्तित्व र तिनका अनुयायीहरुले निर्धारण गदै आएको अभिब्याक्ति स्वतन्त्रका साथै छलफलको राजनीति उनिहरुको जिम्मेवारी भित्र पर्ने कुरा हुन् ।

भन्न खोजेको कुरा के हो भने ब्यवस्थाको सिस्टम जतिसुकै तानाशाही भएता पनि ब्याक्तिका आचारण र व्यवहार प्रजातन्त्रिक भईदियो भने त्यस्तो शासन प्रणाली देशका लागि उत्कृष्ट भएर आउछ । राण पद्धती आफैमा खराव थिएन । पंचायती व्यवस्था र त्यसपछिको संसदीय प्रजातन्त्र हुदै अहिलेको गणतान्त्रिक शासन व्यवस्था आफैमा खराव पद्धती होईनान् । ब्याक्ति बिशेषको झुण्डले त्यस्ता शासन प्रणालीलाई अप्रजातान्त्रिक व्यवहारवाट जता पायो त्यतै घुमाउदा मुलुक दुघटना नजिक पुग्नै लागेको अहिले सर्वत्र महसुस भएको छ ।

हाम्रा नेताहरु र तत्कालीन राजा महाराजाहरुले दुरदर्शी र व्यवहारिक तरिकाले प्रजातन्त्रिक आचरणमा ध्यान नपुऱ्याउदा मुलुकका लागि स्थापित शासन पद्धती धारासायी हुने र लोकतान्त्रिक गणतन्त्र पनि क्रमशः फेलियर हुने क्रम बढेको हो । राणा, राजा, अहिलेका नेताहरु कहिल्यै पनि व्यवहारमुखी हुन सकेनान् । ब्याक्तिगत स्वार्थका लागि भ्रष्टचारलाई बढावा दिने अवैध बाटोवाट तस्करहरुवाट कमिशन खाने र शान्ति सुरक्षामा ध्यान नदिने, बिकाशका नाममा सिन्को नभाच्ने आदी अदुरदर्शी व्यवहार नै शासन पद्धती असफल हुने कारकतत्व हुन् ।

हाम्रो यो पवित्र मुलुकमा दुरदर्शी नेता जन्मन सकेनन् । स्वच्छाचारी र भष्टाचारी प्रवृति भएका व्याक्तिहरु निरन्तर शासन पद्धतीमा आउने र प्रजातन्त्र, गणतन्त्रका नाममा मनपरी गदै जाने बिगत देखिको चलन कायमै छ । जनता जनार्दन मुलुकका भाग्य निर्माता हुन् । जनता पार्टीका दास होइनान् र नेताका झोले दास पनि होइनान् ।

जनता त केवल अनैतिक व्याक्तिलाई नैतिकवान बनाउने र भ्रष्टचारी लाई दण्ड दिने इश्वर सम्मान हुन् । तर हाम्रो देशमा त नेपाली जनता आफनै अव्यवहारिक पनले नेताका दास बनेका छन् । याहाका जनताले व्याक्तिको चरित्र हेदैनान् पार्टीको चरित्र हेर्छन् । पार्टीलाई हेरेर भोट दिने प्रवृति बढेकै कारण लोकतन्त्र र गणतन्त्र को बदनाम हुन गएको हो । राजा र राणहरुका शासनकालका तुलनमा हाम्रो लोकतान्त्रिक पद्धती बढी बदनाम हुन गएको छ र यसको जिम्मेवार अहिलेका जनप्रतिनिधि र राज्य संचालनका संचालक नै हुन् ।

२०४६ सालको राजनीतिक परिवर्तन पछि प्रायजसो केन्द्रीय शासनमा सत्तामा पुग्ने पार्टी नेपाली कांग्रेस, नेकपा एमाले, राप्रपा, पछि थपिएको नेकपा माओवादी लगायत रहेका छन् । यी पार्टीका ठुला नेताहरु आफुलाई बढी प्रजातन्त्रिक र असल गणतन्त्रवादी भन्ने गर्छन् ।

तर त्यसको राजनीतिक व्यवहार पारदर्शी गदैनान् । भष्टचारमुखी बन्छन् र बिकाश बिरोधि काम गर्छन । आफ्ना कार्यकर्ता पोस्नका लागि केन्द्र देखि गाउँ तहसम्म पैशा बाडेर डोजर आताङ मच्चाउछन् । जनप्रतिनिधिहरुले न्ययिक र्निणय गर्न नसक्दा पिडीतहरुको संख्यात्मक बृद्धि भएको छ ।

जसका कारण दण्डहिनता बढेको छ । यति साह्रै मनपरी चलिरहदा पनि जनताले पार्टीमुखी बन्दै यिनै ठुला पार्टीका उम्मेद्वारलाई जिताउन र सत्तामा पुऱ्याउछन् । केन्द्रमा मात्र नभएर गाउँ तहसम्म पनि यीनको दवदवा चलेको छ । तर जनताको काम यिनिहरुले गदैनान्, तर पनि जनताले यस्तैलाई जिताउछन् ।

बिपीले भने झै रैती निमुखा हुदा उसले अधिकार खोज्दैनान् , नागरिकले मात्र अधिकार खोजछन् । नेपाली जनता पार्टीका दास भएर रैति भएका छन् । नागरिक हुन सकेका छैनान् ।

## राजनीतिक....

गरेको देखिएको छैन । खाली उनीहरुका पर्चामा बिरोध मात्र भेटिन्छ । दैनिक काठमाडौको चोकमा बिरोध गरेर समय खेर फाल्नुभन्दा गाउँ गाउँमा सक्रीय जनशपिक्त नहुदा बुढाबुढी आमा बुबाहरु सकी नसकी काम गरिरहेका छन् तिनिहरुको लागि सेवा गर्ने आट लिने हो भने ति भुरे टाकुरेहरु पनि ठुला पार्टीमा रुपान्तरण भई राष्ट्रिय पार्टीमा आउन सक्थे होलान् ।

देशका भौतिक पुर्वधारहरु समयमा किन बनेन् नबन्नुका कारणहरु के के हुन् । नेपालीहरुले गाउ छोडेर शहर शहरमा भएकाहरु बिदेश किन गइरहेका छन् । नेपालमा अमुल्य जडिबुटी भइकन पनि बिश्व कै सस्तो मुल्यमा प्रप्त गर्नु पर्ने औषधि सवैभन्दा महगोमा किनेर खानुपर्ने अवस्था किन आईरहेको छ । समयमा उपचार नपाएर मर्नेको संख्या एकिन गर्न किन सकिरहेका छैनान् । बेवारिसे लासहरु भेटिन थालेका छन् यस्तो किन भइरहेको छ । नेपालका दुर दराजमा रहेका नेपालीहरुको पीडा बिसाउने ठाउँ काहा हो । जवकी स्थानीय अधिकार प्रप्त निकायले आफ्नो मनोमानी ढंङगले विगतमा पार्टी फरक भएको कारण स्थानीय जनतालाई दुखः दिने कामहरु भईरहेको छ त्यसको उपचार किन खोजिदैन । नेपालको भुमि भारतले आफ्नो नक्सामा पारेको कालापानीको बिषयमा अलि अलि कुरा उठेको भएपनि समग्रमा त्यसको सावधान अपनाउने तरिका बनेको देखिएको छैन ।

यसरी सानादेखि ठुला देशका समस्या भन्दा पार्टीका चर्चा र प्रचार भएको देखिन्छ । नेताको झोला बोक्ने, चाकरी गर्ने नै पार्टीको अवसर पाउने र राजनीतिक पार्टी भनेको पार्टी नेतृत्व भनेको मालिक र कार्यकर्ता नोकर जस्तो भएर काम गर्ने परिपाटीको बिकाशले नेपालको हित गरेको देखिदैन ।

त्यसकारण नेपालको हित र उन्नतिको लागि राष्ट्रिय हित भनेको के हो भन्ने बिषयमा आम युवा पुस्तालाई चेतना जागरुक गराएर स्वतन्त्र नागरिकले पनि स्वतन्त्र ढंङगवाट ब्यापार, ब्यवसाय चलाएर आम्दानी गर्न सक्छन् । उनिहरु पनि बिज्ञ हुन्छन् तिनिहरुको पनि सल्लाह लिन सकिन्छ । योग्य दक्ष भएका देशका सवै नागरिकहरुको कदर गर्ने वातावरण जवसम्म बन्न सक्दैन र सधै पार्टीकरण गरेर हरेक क्षेत्रलाई नयाँ दासी बनाउन खोजिन्छ । त्यस्तो आवस्थामा कुनै पनि देशमा बिकाश हुदैन । नेपालले बिकाश गर्नको लागि यि माथिका बिगारेका बानीहरु सुधारेर काम गर्नुपर्छ तकी आउदो दिनमा हाम्रा भावी पुस्ताले गर्व गर्ने अवसर प्रप्त होस् ।

## कुष्ठारोग......

भएजस्तै कुष्ठरोगको पनि केही साइड इफेक्ट देखिन्छ ।

जस्तै खानामा रुची नहुने बाकबाकी लाग्ने कहिलेकाहिँ रुघाखेकी र सामान्य ज्वरो पनि आउने गर्छ । तर यस्तो समस्यामा खासै आत्तिनु पर्दैन । तर बढी नै समस्या देखिन थाल्यो भने नजिकको स्वास्थ्य संस्था जानु पर्दछ ।

अब सोच्नै पर्ने विषय

नेपालमा सन २०१० मा कुष्ठरोग निवारण घोषणा पछिको अवस्थामा विश्व स्वास्थ्य संगठन लगायत कतिपय दातृ संस्थाहरूले कुष्ठरोगको उपचार र पुनर्स्थापनाको लागि सहयोग गर्ने काम बन्द गरी सकेका छन् । यस क्षेत्रमा तालीम प्राप्त जनशक्तिको अभाव खड्किइ सकेको छ । एकीकृत स्वास्थ्य सेवा प्रणालीद्वारा नेपाल सरकारका स्वास्थ्य संस्थाहरूबाटै नियमित औषधि उपलव्ध गराउने व्यवस्था भएतापनि तालीम प्राप्त जनशक्तिको अभाव र समुदायमा जानकारी नभएका कारण सेवाको प्रभावकारितामा प्रश्न खडा भएको छ ।

जनचेतना जगाउनेः कुष्ठरोगको वारेमा समाजमा अझै पनि अन्धविश्वास व्याप्त छ । समुदायमा पनि व्यापक जनचेतना जगाई कुष्ठरोगीलाई सामान्य व्यक्ति सरह व्यवहार गर्ने, भेदभाव नगर्ने परिवारमा आवश्यक माया ममता र सहयोगको वातारण हुनु आवश्यक छ। समाजका सवै सरोकारवालाहरू, स्वास्थ्यकर्मी, शिक्षक, विद्यार्थी, धामीझांक्री र परम्परागत उपचारमा संलग्न व्यक्ति, सामुदायिक समूह सबैमा कुष्ठरोगका बारेमा सत्य तथ्य जानकारी र सकारात्मक सोचको खाँचो छ । यस्तो भएमा मात्र कुष्ठरोगको निदान र निवारणमा सहयोग पुग्छ ।

## स्वविय......

सकेको छैन । विसं २०७३ मा २५० क्याम्पसमा स्ववियु निर्वाचन भएको थियो । अनेरास्ववियुका संयोजक ऐन महरले निधर्ारित मितिमा नै स्ववियु निर्वाचन गर्न सबै विद्यार्थी सङ्गठनले प्रतिबद्धता जनाएकोले निर्वाचन हुने बताउनुभयो । "नेविसङ्घको नयाँ नेतृत्व पनि निर्वाचन गर्नमा सकारात्मक छ", उहाँले भन्नुभयो, " हामी निर्वाचनका सम्बन्धमा नेविसङ्घसँग छलफल गरिरहेका छौँ ।"

त्रिविले ६२ आङ्गिक क्याम्पसमा स्ववियु निर्वाचनको तयारी गर्न क्याम्पस प्रमुखलाई पत्र पठाइसकेको छ । त्रिवि सभा सदस्य तथा आरआर क्याम्पसका स्ववियु सभापति तपेन्द्रबहादुर शाहीले चाडै नै त्रिविले निर्वाचनका सम्बन्धमा सबै विद्यार्थीसँग छलफल गरेर कार्यतालिका सार्वजनिक गर्ने बताउनुभयो ।

यसअघि त्रिविले फागनु १४ गते निर्वाचन मिति मानी प्रस्तावित कार्यतालिका सार्वजनिक गरेको छ । स्ववियु निर्वाचन २८ वर्षे उमेर हदबन्दी र मिश्रित निर्वाचन प्रणाली अनुरूप हुनेछ ।

## प्रमुख.....

राष्ट्रसङ्घका स्थायी प्रनिनिधि अमृत राई, डा हिरामणि घिमिरे, लोकगायक नवीन खड्कालाई प्रदान गरिएको छ । 'खाँदबारी ज्योति' पदक डा बीना राई, जयप्रसाद चापागाईं, हरिप्रसाद भण्डारी, कृष्ण गोपाल, सोमराज अभयलाई विभूषित गरिएको छ । यसैगरी 'खाँदबारी पौरख' पदक जगत शाक्य, लक्ष्मीप्रसाद गुरुङ, चक्र बिसुन्के र 'खाँदबारी समाजसेवाश्री' सूर्यबहादुर श्रेष्ठ, जयबहादुर श्रेष्ठलाई सम्मानित गरिएको थियो ।ट

यसैगरी 'खाँदबारी सेवाश्री' बीनाकुमारी शाक्य, बिष्णु बुढाथोकी, मदन अर्याल, खेमराज नेपाल, सुरेन्द्र विष्ट र नइन्द्र मगरलाई विभूषित गरिएको छ । विसं २०५३ मा स्थापना भएको खाँदबारी नगरपालिकाले स्थापना दिवसको अवसरमा मेयरकप भलिबल प्रतियोगिता, उपमेयरकप कबड्डी प्रतियोगिता र सांस्कृतिक कार्यक्रम आयोजना गरेको थियो ।

## सरकार.....

विरोधी प्रावधानहरुलाई सच्याउन महासंघले पटक पटक माग गर्दै आइरहेको छ । यस बारेमा नेपाल पत्रकार महासंघले सरकार, राजनीतिक दलहरु र संसद सचिवालयलाई समेत लिखित रुपमै आफ्ना धारणाहरु प्रस्तुत गरिसकेको पुनः स्मरण गराएको छ ।

माघ १४ गते राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको बैठकले मिडिया काउन्सिल विधेयकका केही बुँदाहरु संशोधन गर्नुका साथै केही बुँदाहरु थप गरेको छ । महासंघले प्रस्तुत गरेका केही बुँदालाई आंशिक रुपमा सम्बोधन गरिए पनि पत्रकारलाई सरकारी निकायबाट जाँच लिई लाइसेन्स दिने जस्ता प्रावधानहरु थपिएकोमा महासंघले गम्भीर असहमति प्रकट गरेको छ ।

यो प्रावधान संविधानको मर्म र भावनाको विपरीत हुनुका साथै प्रेस स्वतन्त्रता विरोधी भएकाले यसमा महासंघ गम्भीर असहमति प्रकट गर्दै उक्त प्रावधान तत्काल सच्याउन माग गरेको छ ।

## तेमाल....

६२ वर्षे साइली तामाङ नाती र छोरीको साहारामा ठुलो पर्सेलमा सञ्चालित आँखा शिविरमा चेकजाँच गर्न आएका थिए । ६२ वर्षीया तामाङको दुवै आँखा देख्न सक्दैन थिए । उनले पुनः यो संसार देख्न पाइन्छ भन्ने आशा मारिसकेककी थिइनन । तर डा. कमल खड्का उनका लागि भगवान भएर आए ।

माघ १७ गते डा. कमल खड्काको टोली करिव आधा घन्टाको समयमा साइली तामाङको आँखाको अप्रेशन गर्न सफल भयो ।

अहिले साइली तामङले पुनः यो संसार हेर्न पाएकी छिन् । सँगै आएका नाति र छोरीलाइ हेर्दै उनले खुशीको आँशु झारिन् र डा. कमल खड्कालाइ धन्यवाद दिइन् ।

तपाइ मेरो भगवान हो । आज मैले भगवानको दर्शन गर्न पाए । साइली तामाङले यसो भनिरहदा त्यहाँ उपस्थित सबैको आँखामा खुशीको आँशु रसाएका थिए ।

ठुलो पर्सेल स्वास्थ्य चौकीमा संचालित निःशुल्क आँखा शिविरमा साइली तामाङ जस्तै ५५ जना बृद्ध बा आमाले यो संसार हेर्न पाएका थिए ।

वडा अध्यक्ष विकुलाल तामाङ मोक्तान भन्नु हुन्छ मनमा खुशी त्यसबेला हुँदो रहेछ जब आफुले गरेको कामको परिणाम आउँछ । अहिले म धेरै खुशी छु । रामेछाप, सिन्धुलीदेखिका बा, आमाहरू यहाँ उपस्थित हुनुहुन्छ । उहाँहरूले पुनः यो संसार देख्न पाउनु भएको छ । यो भन्दा खुशी अरू के हुन सक्छ ? यहाँ चेकजाँचका लागि आउनु भएका सबैका लागि निःशुल्क औषधी र चश्मा वितरण वडाले गरेको छ । विशेष त डा. कमल खड्का र मनोज एशोसिएशन तथा मुटु फाउन्डेशनका अध्यक्ष धन बहादुर गुरूङलाइ धन्यवाद दिन चाहन्छु ।

# विद्यालय पुनर्निर्माणपछि लक्ष्मी माविका विद्यार्थी फुरुंग, नयाँ भवनले बिर्सायो भूकम्प

गोरखा । विद्यालय आँगनमा एकातिर भत्केका भवनको थुप्रो अर्कोतिर पढ्ने जस्ताको छाप्रो । दिमागमा सुन्दर भविष्यको तस्वीर, मनैभरी पीरैपीर । पुस्तकालयका किताव, विज्ञान प्रयोगशालाका सामग्री, चार्ट र ग्लोव, पालेदाइले बजाउने घण्टी सबै पुरिए भूकम्पमा । पानी पर्दा हिलो घामलागे धूलो, बाहिर निस्केर खेल्ने ठाउँमा ढुंगा र बालुवाको पहाड।

४ वर्ष देखि जस्ताको अस्थायी टहरामा यस्तै नियतिका साथ पढ्दै आएका लक्ष्मी माध्यमिक विद्यालय पालुङटार-६, गाईखुर गोरखाका विद्यार्थीहरुले नयाँ भवन पाएपछि फुरुङ्ग बने । खुसीले उफ्रिए, चिच्याए, नाचे र धेरै बेरसम्म भवनका भित्ता र नयाँ डेस्कबेञ्च मुसारिरहे ।

अस्थायी छाप्रामा पढ्दै आएका विद्यार्थीहरु सोमबार नयाँ भवनमा पढ्न पाउने भएपछि एकाएक रोमाञ्चि बने । विद्यालयमा कक्षा ५ मा अध्ययनरत छात्र शिव नेपालीले नयाँ भवनमा पढ्न पाइने भएकोमा खुसीको कुनै सीमा नै नरहेको बताए । छाप्रामा पढ्दा भूकम्पको सम्झना आइरहने भएपनि नयाँ भवन देखेर भूकम्प नै बिर्सिएको उनले गीत मार्फत नै सुनाए ।

यस्तै कक्षा ८ की छात्रा सरु श्रेष्ठले छाप्रामा पढ्दा घामपानीले सताउने गरेको गुनासो गर्दै अब पक्की भवनमा त्यो समस्या नआउने बताइन् । पानी पर्दा बाछिटाले पुरै रुझिन्थ्यो, हिलोमा कति साथीहरु लड्थे-श्रेष्ठले भनिन्, अब नयाँ भवन पाएपछि हिलोमा चिप्लिएर लड्नु पर्दैन ।

कक्षा ३ की छात्रा सुस्मिता मगरातीले जस्ताको छाप्रोमा पढ्दा एउटा कक्षाको हल्ला सबै कक्षामा पुगेर पढाइलाई अवरोध हुने गरेको स्मरण गर्दै अब छुट्टा छुट्टै कक्षामा पढ्न पाउने भएकामा खुसी लागेको बताइन् ।

कक्षा १० का छात्र सञ्जय मल्ल पनि विद्यालयको नयाँ भवन हेरर धेरै बेर टोलाए । उनले भने- अब त हावा लागेपनि छाना नउड्ने भयो ।

नयाँ भवनको खुसी विद्यार्थीमा मात्रै सिमित रहेन । अभिभावकहरु पनि नयाँ भवन देखेर सन्तुष्ट भएका देखिन्थे । स्थानीय अभिभावक रामकुमार श्रेष्ठले विद्यालयमा नयाँ भवन बनेकोमा खुसीकोसीमा नै नरहेको बताए । जिल्लाकै पुरानो मध्येको यस विद्यालय भूकम्प पश्चात् अस्थायी टहरामा सीमित भएको थियो । उनले भने- नयाँ भवनसँगै विद्यालयको विरासत फर्केको छ ।

अर्का स्थानीय पुष्पलाल श्रेष्ठले अस्थायी टहरामा विदार्थी पढ्न पठाउँदा दिनभर नै चिन्ता लागिरहने भन्दै अब पक्की भवन बनेपछि सबै पीर हटेको खुसी व्यक्त गरे ।

भव्य समारोहका बीच सोमबार जिल्ला आयोजना कार्यान्वयन इकाई( शिक्षा) गोरखाले विद्यालयलाई नवनिर्मित नयाँ भवन हस्तान्तरण गरेको छ । इकाईले करिब ६ करोड लागतको तीन ब्लकको २४ कोठे नयाँ भवन विद्यालयलाई हस्तान्तरण गरेको हो ।

विद्यार्थीमैत्री, अपाङ्गतामैत्री र भूकम्प प्रतिरोधी नयाँ भवनमा अत्याधुनिक विज्ञान प्रयोगशाला, पुरस्तकालय, कम्प्युटर ल्याव, किचेन, शौचालय, खानेपानी, इसिडिलगायतका सुविधा रहेका छन् ।

२०७२ सालको विनासकारी भूकम्पले विद्यालयका भवन भत्काएपछि विद्यार्थीहरु टिनले छाएको र टिनले नै बारेको अस्थायी टहरामा पढ्दै आएका थिए ।

२ वर्षमा निर्माण सम्पन्न विद्यालय भवनको ०७५ बैशाखमा निर्माण शुरुभएका थियो । एक भव्य समारोहका बीच सोमबार विद्यालयलाई नयाँ भवन हस्तान्तरण गरिएको हो ।

शुरुमा एमवी गौरी पावर्ती निर्माण कम्पनीका प्रतिनिधि इञ्जिनियर निशान अधिकारीले निर्माण गरिएको भवनको साँचो जिल्ला आयोजना कार्यान्वयन इकाई(शिक्षा)का प्रमुख बिष्णुप्रसाद मिश्रलाई हस्तान्तरणगरेका थिए ।

लगत्तै मिश्रले सो भवनको साँचो प्रमुख अतिथि एवं पूर्व संघीय मामिला तथा स्थानीय विकास मन्त्री एवं नेकपाका गण्डकी प्रदेश अध्यक्ष हितराज पाण्डेलाई हस्तान्तरण गरेका थिए । पाण्डेले पालुङटार नपाका ६ नम्बरका वडाध्यक्ष गोविन्द बराकोटीलाई, बराकोटीले साँचो विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुराम काराखेतीलाई र विव्यस अध्यक्ष काराखेतीले अन्तिममा भवनको साँचो विद्यालयका प्रधानाध्यापक टिकाराम श्रेष्ठलाई हस्तान्तरण गरेका थिए ।

भवन हस्तान्तरण कार्यक्रमका प्रमुख अतिथि पूर्व संघीय मामिला तथा स्थानीय विकास मन्त्री एवं नेकपाका गण्डकी प्रदेश अध्यक्ष हितराज पाण्डले भूकम्पको केन्द्र गोरखामा संरचनाहरु मात्रै नभत्किएकासँगै मान्छेका मनहरु पनि भत्केका भन्दै पुननिर्माणले संरचना र मनहरुको पुनर्निर्माण एकैसाथ गरिदिएको बताए ।

सरकारले विद्यालयको पुनर्निर्माणलाई प्राथमिकतामा राखेको आफूले पाएको भन्दै लक्ष्मी माविको पुनर्निर्माणले आफूलाई उत्साहित बनाएको पाण्डेले बताए ।

यो विद्यालय म पढेको, मैले लामो समय पढाएको र सहायक प्रअ र प्रअ भएर नेतृत्व गरेको विद्यालय हो- पाण्डेले भने, यस ऐतिहासिक विद्यालयको पुनर्निमार्णले सिंगो पालुङटारवासीलाई हर्षित बनाएको छ ।

सार्वजनिक शिक्षाको सुदृढीकरण नै समृद्ध मुलुकको पहिलो आधार भएको भन्दै पाण्डेले अब अत्याधुनिक भवनको सदुपयोग गर्दै सीप र प्रविधियुक्त शिक्षण सिकाइ गर्न विद्यालयसँग आग्रह गरे । विद्यालय भवन बन्यो अब पढाइ बनाउनुस्- पाण्डेले भने ।

यस्तै, विद्यालयलाई नयाँ भन हस्तान्तरण गर्दै आयोजना इकाई प्रमुख विष्णुप्रसाद मिश्रले नयाँ बनेको भवनमा विद्यार्थी भर्ने र गुणस्तरीय शिक्षा दिने काम स्थानीय सरकार र विद्यालय परिवारको भएको बताए । गोरखामा विद्यालय पुनर्निर्माण पछिल्लो दिनमा द्रुत गतिमा अगाडि बढीरहेको भन्दै मिश्रले सार्वजनिक शिक्षाको सवलीकरणमा सबैपक्ष एक भएर लाग्नुपर्ने औंल्याए ।

पालुङटार नगरपालिका वडानम्बर ६ का वडाध्यक्ष गोविन्द बराकोटीले जस्ताको टहरामा कष्टसाथ पठनपाठन गर्दै आएको विद्यालयलाई इकाईले नयाँ भवन बनाइदिएकोमा खुसी व्यक्त गरे । भवनको संरक्षण र सुरक्षाको जिम्मा नगरपालिकाको भएको भन्दै विद्यालयमा प्रविधियुक्त सिकाइ गर्ने रविद्यार्थी संख्या बढाउने जिम्मा आफुहरुको भएको बताए । बडेमानको नयाँ भवन पाएपछि लक्ष्मी मावि ६७ वर्षे तन्नेरी बनेको छ- बराकोटीले भने, स्थानीय अभिभावकहरुले अब छोराछोरी यस विद्यालयमा पठाउनु पर्‍यो, गुणस्तरको जिम्मा हामी लिन्छौं ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुराम काराखेतीले भवनको अभावमा जस्ताको टहरामा विद्यालय सञ्चालन गर्दा हिलो र धुलोको धेरै समस्या आएको भन्दै अब गर्मी र जाँडोले विद्यार्थीहरु पीडित नहुने बताए ।

ठूलो हावा लाग्यो कि छानो उड्ने डरले सताउथ्यो, पानी पर्‍यो कि हिलैहिलो- उनले भने, अब विद्यालयको ध्यान सिकाइ सुधारमा मात्रै केन्द्रित हुन्छ ।

विद्यालयका प्रधानाध्यापक टिकाराम श्रेष्ठले भौतिक सुधारसँगै अब विद्यालयको पुरा ध्यान शैक्षिक सुधारमा केन्द्रित हुने बताए । गर्मीमा जस्ता तात्ने, जाँडोमा शीत चुहिने, हावा लागे छानै उड्ने, पानी परे हिलो हुने, घाम लागे धूलो उड्ने विगतको चार वर्ष विद्यालय नियमित गराउनैमा पुरा ध्यान केन्द्रित गर्नुपरेको श्रेष्ठले दुखेसो गरे ।

कैयौं पल्ट छाना उडायो, अब छानाको कुनै पीर रहेन । उनले भने- अब विद्यालयको पुरै ध्यान प्रविधि र सीपयुक्त सिकाइमा केन्द्रित हुनेछ ।

सोही समारोहमा विद्यालयको पूर्व विद्यार्थी संघले कक्षा ११मा प्रथम भएकी सजिना थापा, कक्षा ९ मा प्रथम भएका सञ्जय मल्ललाई नगद ११ हजार र कक्षा ८ मा प्रथम भएका अशोक परियारलाई नगद ८ हजार सहित पुरस्कृत गरेको थियो । संघकी अध्यक्ष निर्मला श्रेष्ठ मल्लेले पुरस्कार राशी विद्यार्थीहरुलाई हस्तानतरण गरेकी थिइन् ।

कार्यक्रममा विद्यालयका सहायक प्रअ गणेशराज सेढाइले शुभकामना मन्तव्य व्यक्त गरेका थिए भने शिक्षक रमेश रोकाले कार्यक्रम सञ्चालन गरेका थिए । साथै, विद्यार्थीहरुले सास्कृतिक कार्यक्रम सञ्चालन गरेका थिए ।

भूकम्प अगाडि साढे दुईसय बढी विद्यार्थी रहेको विद्यालयमा भूकम्पपछि बसाइसराई र अस्थायी टहराका कारण विद्यार्थी घटेर १७० मा पुगेका भन्दै प्रअ खनालले नयाँ भवनसँगै विद्यार्थीको संख्या बढ्ने अपेक्षा व्यक्त गरिन् ।

भूकम्पले भवन ध्वस्त बनाएपछि विद्यालयले अर्कैको जग भाडामा लिएर अस्थायी टहरामा पठनपाठन गराउँदै आएको थियो । भवन हस्तान्तरण कार्यक्रममा विद्यार्थीहरुले विभिन्न सांस्कृतिक कार्यक्रमहरुसमेत प्रस्तुत गरेका थिए । विस २००९ सालमा स्थापना भएको विद्यालयमा हाल २५० विद्यार्थीहरु अध्ययनरत छन् ।

# प्रमुख निर्वाचन आयुक्त थपलिया सम्मानित

खाँदबारी । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया र पूर्व गृह सचिव प्रेमकुमार राई आफ्नो गृहजिल्ला सङ्खुवासभामा विभूषित हुनुभएको छ । खाँदबारी नगरपालिकाले शनिबार उहाँहरू लगायत विभिन्न सात विधामा २६ जना आफ्ना नगरबासीलाई विभूषण र पदकले सम्मान गरेको हो । उहाँहरूलाई नगरसभाबाट विभूषणसम्बन्धी ऐन जारी गरी पहिलोपटक विभूषित गरेको जनाइएको छ । 'खाँदबारी गौरव' पदकबाट प्रमुख निर्वाचन आयुक्त थपलिया र पूर्वसचिव स्व सन्तबहादुर राईलाई विभूषित गरिएको छ । देशकै प्रतिष्ठा बढाउन योगदान पुर्‍याउने नगरवासीलाई नगरपालिकाको विभूषणसम्बन्धी ऐनल्याई सम्मान गरेको नगरप्रमुख मुरारीप्रसाद खतिवडाले बताउनुभयो । सोही अवसरमा खाँदबारी रत्न, खाँदबारी तारा, खाँदबारी पौरख, खाँदबारी ज्योति, खाँदबारी समाजसेवा र खाँदबारी सेवाश्री पद २६ जनालाई प्रदान गरिएको छ ।

'खाँदबारी रत्न' पदकबाट खाँदबारी-१ निवासी पूर्वगृहसचिव प्रेमकुमार राई, स्व दुर्गादेवी घिमिरे, खाँदबारी नगरपालिकाका प्रथम प्रमुख स्व किरण शाक्यलाई विभूषित गरिएको छ । घिमिरे र शाक्यलाई मरणोपरान्त सम्मान गरिएको हो । 'खाँदबारी तारा' पदक स्व लोकगायक खेमराज गुरुङ, अमेरिकाका लागि नेपाली राजदूत डा अर्जुन कार्की, संयुक्त

बाँकी २ पृष्ठमा

# द्वन्द्वकालीन मुद्दामा दाउपेच गरे नेकपा नै कमजोर



मणि थापा

'पूर्वएमाले र पूर्वमाओवादीबीच एकता भइसकेको सन्दर्भमा द्वन्द्वकालीन मुद्दालाई दाउपेचको विषय बनाए पार्टी कमजोर हुन्छ। पार्टीको समृद्ध नेपाल, सुखी नेपाली नारालाई कार्यान्वयन गर्न पनि यी मुद्दा सल्ट्याउन जरुरी छ।'

अग्निप्रसाद सापकोटा सभामुख बन्ने क्रममा काठमाडौंमा एक पटक फेरि द्वन्द्वकालीन मुद्दाका विषयमा चर्चा भयो। केही समूहले 'हत्या आरोपित' लाई सार्वभौम संसदको अख्तियारी सुम्पिएको आरोप मात्र लगाएनन्, उनीविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गर्ने, मिडियाबाजी गर्ने र अन्तर्राष्ट्रिय समुदायलाई गुहार्ने प्रयास पनि गरे।

सापकोटालाई सभामुख बनाउने प्रक्रिया रोक्न माग गर्दै अधिवक्ता दिनेश त्रिपाठीले दायर गरेको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। यद्यपि यो प्रकरणले द्वन्द्वकालीन घटनासँग सम्बन्धित सबै मुद्दा टुंगो लगाउन ढिला भइसकेको भने स्पष्ट पारेको छ।

यस्ता मुद्दाबारे निर्णय गर्न गठित सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगले समयमै काम गर्न नसक्नु र न्यायका नाममा केही समूहले खेल्ने मौका पाउनु दुर्भाग्यपूर्ण छ।

द्वन्द्वकालीन मुद्दाबारे मूलतः तीन वटा कोणबाट आवाज उठ्ने गरेको छ।

पहिलो, द्वन्द्वकालीन हिंसाका घटनाबाट पीडितको कोणबाट। पटक-पटक म्याद थप गरिएपनि सत्य निरुपण तथा मेलमिलाप आयोगले मुद्दाहरुको छिनोफानो गर्न नसक्दा पीडितहरुले न्याय नपाएको अनुभव गरेका छन्। उनीहरुको यो असन्तुष्टि र आक्रोश जायज छ। त्यसलाई मनन् गर्दै यससँग सम्बन्धित सबै निकायले चाँडोभन्दा चाँडो ती मुद्दाको टुंगो लगाउनुपर्छ।

दोस्रो, राजनीतिक रुपले त्यस्ता मुद्दाहरुलाई प्रयोग गर्ने अभ्यास पनि देखिन्छ। यस्तो अभ्यास सत्तारुढ नेकपाभित्रै र बाहिर पनि छ। मुद्दा देखाएर तर्साउने, तह लगाउने र आफ्ना एजेन्डा स्थापित गराउने प्रवृत्ति दलहरुभित्र छ। शक्तिसन्तुलन आफ्नो पक्षमा पार्न बेलाबखत नेकपाभित्रै पनि यस्ता खेल खेलिने गर्छन्।

तेस्रो, व्यक्तिगत वा स्वार्थ समूहको फाइदाका लागि द्वन्द्वकालीन मुद्दाको उपयोग। सापकोटा प्रकरण यसैको उपज हो।

गएको दशकको घटनाक्रमलाई हेर्ने हो भने जघन्यभन्दा जघन्य अपराधका विषयमा उनीहरु बोलेका छैनन्। युद्धका समयमा राज्यका तर्फबाट भएका अपराधबारे तिनले सकभर मुख खोलेका छैनन्। सीमित आधा दर्जन मुद्दा, जुन त्यतिबेलाका माओवादी नेताविरुद्ध लक्षित छन्, त्यसमा उनीहरु सम्पूर्ण जोडबल लगाइरहेका छन्।

यस्तो प्रवृत्ति र समूह नेपालमा मात्र होइन, संसारैभरी पाइन्छ। जो द्वन्द्वलाई व्यापार बनाउन चाहन्छ र आफूलाई न्यायको मसिहा घोषित गर्न चाहन्छ। तर, पीडितलाई न्याय दिलाउने दायित्व र जिम्मेवारी यस्ता समूहको होइन।

त्यसमाथि माओवादीले लडेको जनयुद्धलाई घृणा गर्ने एउटा जमात हिजैदेखि थियो। किनभने जनयुद्धले ग्रामीण र भुइँ तहका जनतालाई सत्ता र सरकारको अंग बनाएकोमा सम्भ्रान्तहरुलाई चित्त बुझेको छैन। यसमा कहीँ न कहीँ एउटा वर्गीय चिन्तनले पनि काम गरेको छ। त्यसैले उनीहरु जनयुद्धबाट आएका कुनै पात्र सत्तामा, राज्यका कुनै पनि अंगको नेतृत्वमा गएको देख्न सक्दैनन्।

मुलुकमा अस्थिरता आए सबैभन्दा बढी फाइदा समाजको यही तप्काले उठाउने गर्छ। त्यसैले, पछिल्लो समय यस्तै स्वार्थ समूहले द्वन्द्वकालीन मुद्दाहरु ब्युँत्याउने जोडबल गरिरहेको देखिन्छ ।

यहाँनेर बिर्सिन नहुने पक्ष के हो भने शान्ति प्रक्रियाका कामलाई टुंग्याउन नसक्नु उतिबेलाको माओवादी र अहिले नेकपाको कमजोरी हो। ०६४, ०७० र अहिले पनि सरकारमा हुँदा त्यतिबेला युद्ध लडेको शक्तिले द्वन्द्वकालीन मुद्दाहरुको छिनोफानो गर्न सक्नुपर्थ्यो। तर, उसले त्यसका लागि गम्भीर भएर प्रयास गरेको देखिँदैन। यसमा भइरहेको ढिलाइले ती मुद्दा टुंगिन नदिने शक्तिहरुलाई नै बल पुगिरहेको छ ।

त्यस्तै, जुन मुद्दा उठाएर जनयुद्ध लडिएको थियो, त्यसलाई पनि नेताहरुले त्यागेका छन्। त्यसबेलाको आदर्श, विचार, व्यवहार र संस्कार नेताहरुले त्यागेका छन्। उनीहरुले अनेकौं विषयमा सम्झौता गरिसकेका छन्। यो सम्झौताले धेरैको चित्त दुःखेको छ। यसले पनि समग्र शान्तिप्रक्रियाप्रति निरासा र बेवास्ताको भाव आम मानिसमा उत्पन्न भएको छ ।

हालै नेकपा अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको युद्धमा मारिएका १७ हजारमध्ये ५ हजारको जिम्मा लिन्छु भन्ने अभिव्यक्तिप्रति विभिन्न प्रतिक्रिया आएका छन्। जनयुद्धको नेतृत्वकर्ताको हैसियतले वहाँले त्यसो भन्नु भएको होला। तर, अब द्वन्द्वकालीन मुद्दाको समाधान कुनै एक पक्षको जिम्मेवारीको विषय होइन। यो जिम्मेवारी १२ बुँदे सम्झौताका हिस्सेदार सातै दलको हो। त्यस्तै, शान्ति प्रक्रियाको मध्यस्थता गर्न नेपाल आएको संयुक्त राष्ट्रसंघ अन्तर्गतको अनमिन पनि यसको एउटा हिस्सेदार हो । युद्धमा जति क्षति भयो, त्यसको समग्र जिम्मेवारी शान्ति प्रक्रियाले लिइसक्यो। तसर्थ युद्धमा जति मारिएका छन्, त्यसको जिम्मेवारी अब प्रचण्डले मात्र लिनु पर्दैन ।

१२ बुँदे समझदारी र शान्ति सम्झौताले समग्र जनयुद्धको स्वामित्व लिएको हो। त्यसमा सबै राजनीतिक पार्टी संलग्न छन्। यो शान्तिप्रक्रियाको स्वामित्व अहिलेको संविधानले नै लिइसक्यो। संविधानले नै सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगलाई यो कामको जिम्मा दिएको छ । त्यसैले जनयुद्धका बेला जेजति घटना भएका छन, तीसम्बन्धी सबै मुद्दा सत्य निरुपण तथा मेलमिलाप आयोगअन्तर्गत समाधान गर्नुको विकल्प छैन । सापकोटाका पनि जे जति मुद्दा छन्, ती आयोगअन्तर्गत जाने मुद्दा हुन्। द्वन्द्वकालका हजारौं मुद्दा छन्, एक जना सापकोटालाई अदालतमा पुर्‍याउँदैमा पीडितले न्याय पाएको ठहरिँदैन। समग्र मुद्दाको छिनोफानो नगरी द्वन्द्वको घाउ पुरिँदैन । सापकोटा सांसद भइसक्नुभयो, दुई पटक मन्त्री भइसक्नुभयो, अरु नेताहरु सरकारका विभिन्न पदमा पुगिसके। उनीहरुमाथि पनि कयौं मुद्दा छन्। तसर्थ नेपालको संविधान र नेपाली जनताले यसलाई स्वीकारिसकेका छन्। अब कुनै समूहले उहाँलाई अस्वीकार गर्छु भन्नुको राजनीतिक अर्थ छैन ।

सत्य निरुपण तथा मेलमिलाप आयोगले मुद्दा छिनोफानो गर्दा ध्यान दिनुपर्ने सबैभन्दा महत्वपूर्ण पक्ष भनेको पीडितले न्याय पाएको महसुस गर्छन् कि गर्दैनन् भन्ने नै हो। मुद्दाका फैसलालाई पीडितले ग्रहण गर्न सकून् भनेर नै हामीले राष्ट्रिय सहमतिमै सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरेका हौं। पीडितले यो निर्णय मेरो पक्षमा भयो भनेर महसुस गर्नेगरी आयोगले छिनोफानो गर्नुपर्छ ।

आयोगका नियम, कानुन छन, अन्तर्राष्ट्रिय मापदण्ड र नजिर छन्। आयोगले तिनैका आधारमा द्वन्द्वसम्बन्धी सबै मुद्दा टुंगो लगाउनुपर्छ ।

र, आयोगले जुन प्रक्रिया अपनाउँछ, द्वन्द्वमा सहभागी सबै पक्षले त्यसलाई स्वीकार गर्नुपर्छ। आयोगले सबै पक्षलाई चित्त बुझ्नेगरी काम गर्नुपर्छ। त्यहाँ चित्त नबुझे के गर्ने भन्ने उपाय पनि खोज्नुपर्छ। यतिबेला सबै पक्षले आयोगमा विश्वास गरेर अगाडि बढ्नुको विकल्प छैन। आयोगभन्दा बाहिर गएर मुद्दाको फस्र्यौट हुन सक्दैन ।

द्वन्द्वकालीन मुद्दा टुंग्याउने मुख्य जिम्मेवारी सत्तारुढ भएको हैसियतले मुख्यतः नेकपाको हो। समाजमा कसरी मेलमिलाप बढाउने, कसरी शान्ति स्थापना गर्ने भन्ने विषय पार्टीको आन्तरिक एजेन्डा पनि बन्नुपर्छ। त्यसोभए मात्रै शान्ति प्रक्रियाका बाँकी रहेका काम छिटो सम्पन्न हुन्छ। त्यसका लागि पार्टीभित्र एउटै दृष्टिकोण बन्न आवश्यक छ। पूर्वएमाले र पूर्वमाओवादीबीच एकता भइसकेको सन्दर्भमा पार्टीभित्र द्वन्द्वकालीन मुद्दालाई दाउपेचको विषय बनाउनु हुँदैन। त्यसो भए पार्टी कमजोर हुन्छ। जनतामा विस्तारै मेलमिलापको वातावरण बन्दैछ। त्यसलाई भत्किन दिनुहुन्न।

**अग्निप्रसाद सापकोटा सभामुख बन्ने क्रममा काठमाडौंमा एक पटक फेरि द्वन्द्वकालीन मुद्दाका विषयमा चर्चा भयो। केही समूहले 'हत्या आरोपित' लाई सार्वभौम संसदको अख्तियारी सुम्पिएको आरोप मात्र लगाएन, उनीविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गर्ने, मिडियाबाजी गर्ने र अन्तराष्ट्रिय समुदायलाई गुहार्ने प्रयास पनि गरे ।**

मेलमिलापको राजनीति विकास गर्ने दायित्व नेकपाकै काँधमा छ ।

यी मुद्दा टुंगो लगाउन जति ढिला गर्दै गयो, मुलुकको छविमा त्यति नै धेरै असर पर्नेछ। अहिले सरकारकै महत्वपूर्ण अंगमा बसेर 'यो सरकारमा युद्ध अपराधीहरु छन्' भनेर बोल्दै हिंड्ने काम भइरहेको छ। त्यस्ता पात्र र प्रवृत्ति मुद्दाको अड्को थापेर सत्ताका लागि लेनदेन गरिरहेका छन्। आफ्नो खल्ती भर्ने प्रयोजनका लागि मुद्दाको प्रयोग गरिरहेका छन्। त्यसो हुन नदिन नेकपा र जनयुद्धमा सहभागी तथा युद्धबाट पीडित सबैले ध्यान दिनुपर्छ ।

देशमा लामो समयका लागि नेकपालाई परिवर्तनकारी शक्तिका रुपमा स्थापित गर्ने हो भने द्वन्द्वकालीन मुद्दालाई जतिसक्दो चाँडो समाधान गर्नुपर्छ। अझ पार्टीको 'समृद्ध नेपाल, सुखी नेपाली' नारालाई कार्यान्वयन गर्न पनि यी मुद्दा सल्ट्याउन जरुरी छ। द्वन्द्वका घाउमा मलमपट्टी नलगाई हामी सुखी हुन सक्दैनौं। मुलुक समृद्ध बन्दैन। द्वन्द्व व्यवस्थापन गर्न सके मात्रै समृद्धिको यात्रा अघि बढ्न सक्छ । 'अब द्वन्द्व अघि बढाए जित कसैको पनि हुँदैन' भन्नेमा एकमत भएर तत्कालीन माओवादी र सात दलले शान्ति प्रक्रिया सुरु गरेका हुन्। त्यसको सान्दर्भिकता अझै सकिएको छैन । त्यसलाई बिर्सेर 'सुखी नेपाली, समृद्ध नेपाल' निर्माण सम्भव छैन ।

(मणि थापा नेकपा स्थायी समिति सदस्य हुन)

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# इन्भेस्टमेन्ट बैंकमाथि राष्ट्र बैंकको अनुसन्धान

काठमाडौं । नेपाल इन्भेस्टमेन्ट बैङ्क एनआईबीएलले नियम विपरित बिना धितो दिएको ऋण नउठेपछि ती कर्जाका फाइलमाथि नेपाल राष्ट्र बैङ्कले अनुसन्धान सुरु गरेको छ । व्यापारी आरके अग्रवाल, श्याम मल र इटालियन ठेकेदार कोअपरेटिभ मुरातोरी एन्ड सिमिस्ट्री सीएमएसीलाई दिएको ऋण तथा बैङ्क ग्यारेन्टी नउठेपछि राष्ट्र बैङ्कले ती कर्जाका फाइलमाथि अध्ययन सुरु गरेको हो । एनआईबीएल व्यवस्थापनले ती व्यापारीसँग कमिसन लिएर ऋण दिएको वा त्यहाँ आफ्ना आफन्त रहेको हुन सक्ने आशंकामा राष्ट्र बैङ्कले अध्ययन सुरु गरेको हो । राष्ट्र बैङ्क स्रोतका अनुसार बैङ्कले ती व्यापारीलाई दिएको ऋण उठेको छैन । राष्ट्र बैङ्कले उक्त फाइल अध्ययन गरिसकेपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो सीआईबी लाई उक्त फाइल बुझाउने तयारी पनि गरेको छ । विदेशबाट आयात गरेर स्वदेशी सिमेन्ट तथा स्टिल उद्योगलाई कोइला आपूर्ति गर्ने भन्दै बैंकले व्यापारी मललाई सवा अर्ब रुपैयाँ भन्दा बढी ऋण दिएको थियो । त्यसैगरी,




अन्नपूर्ण सुगर मिलका सञ्चालक आरके अग्रवाललाई पनि व्यवस्थापनले बिना धितो सवा अर्ब रुपैयाँ भन्दा बढी ऋण दिएको देखिएको छ ।

नेपाल इन्भेस्टमेन्ट बैङ्कको नाफा घटाउने यी हुन ३ ऋणी, जसले ४४६ करोड तिरेनन

सीएमसीको पनि बैङ्क ग्यारेन्टी एनआईबीएलले नै दिएको थियो । नेपालबाट सीएमसी भागेपछि बैङ्क ग्यारेन्टी पनि डुबेको भन्दै राष्ट्र बैङ्कले तीन ओटै फाइलमाथि अध्ययन सुरु गरेको हो । बैंकले इटालीको स्थानीय अदालत कोर्ट अफ बलोनाबाट मुद्धा हारिसकेको छ । बैंकले सीएमसीको जमानत बसेको करिव १ अर्ब ९५ करोड रुपैयाँ नआउने निश्चित भएको छ । यसले बैंकको नाफामा असर गर्दै आएको छ । चालु आर्थिक वर्षको पहिलो त्रैमाशमा बैंकको नाफा घटेको छ । दोस्रो त्रैमाशको वित्तीय विवरण आउन बाँकी छ । आरके अग्रवााललले नेपाल विद्युत् प्राधिकरणका विभिन्न आयोजनाका ठेक्का लिंदै आएका छन । प्राधिकरणमा कम मूल्यमा ठेक्का हात पार्ने र काम लाथालिङ बनाएर छाड्ने व्यापारीलाई अर्बौं रुपैयाँ ऋण दिएको देखिएको राष्ट्र बैङ्क स्रोतले बताएको छ । अग्रवाल अन्नपूर्ण सुगर मिलका सञ्चालक पनि हुन् । उसको पर्फमेन्स नहेरी, हचुवाको भरमा ऋण दिँदा बैङ्क गम्भीर सङ्कटमा परेको हो । आरके अग्रवालको व्यावसायिक इतिहास राम्रो नभएको सम्बद्ध जानकार बताउँछन् । 'हरेक ठाउँमा असफल इतिहास मात्रै छ,' एक उद्योगीले भने, 'त्यस्ता व्यक्तिलाई बैङ्कले अन्धाधुन्ध ऋण दिनुको पछाडि स्वार्थ देखिन्छ ।' आरके अग्रवालले कर्मचारीसँग मिलेर ऋण लिएको हुनसक्ने देखिएको छ । इन्भेस्टमेन्ट बैंकले इटालीमा मुद्धा हार्यो, २ अर्ब काउन्टर ग्यारेन्टी गुम्यो, अपिल गर्दै बैंक त्यसैगरी बैङ्कले अर्का व्यापारी श्याम मललाई बिना धितो अर्बौं रुपैयाँ दिएको ऋण पनि डुबेको छ । उनी नेपालबाट भागिसकेका छन् । उनले बिना धितो ऋण लिएर नेपालबाट भागेका हुन् । सुरुमा कोइला ल्याउने भनेर बैङ्कबाट ऋण लिए । सस्तोमा कोइला उपलब्ध गराउने भनेर सिमेन्ट तथा स्टिल उद्योगीसँग 'एडभान्स'मा पैसा समेत दिएर नेपालबाट फरार भएका हुन् । 'एउटा व्यापारीले माग्दैमा बैङ्कले ऋण दिनु हुँदैन्थ्यो,' एनआईबीएलका एक सञ्चालकले भने, 'यसमा बैङ्कको पनि दोष देखिन्छ ।'सर्वसाधारण जनताको पैसामाथि बैङ्क व्यवस्थापन र सञ्चालक समितिले गम्भीर लापरबाही गरेको राष्ट्र बैङ्कले निश्कर्ष निकालेको छ । केन्द्रीय बैङ्कले कर्मचारीकै मिलेमतोमा यस्तो भएको हुन सक्ने अनुमान पनि लगाएको छ ।

यदि त्यसो हुँदा उक्त फाइल सीआईबीसमक्ष पुग्न सक्ने राष्ट्र बैङ्ककै अधिकारी बताउँछन् । 'केही फाइल सीआईबीकोमा पनि जान सक्छन,' ती अधिकारीले भने, 'तर, अहिले त्यसै भन्न सकिने अवस्था छैन् ।'नेपाल इन्भेस्टमेन्ट बैङ्कको खराब कर्जा बढेपछि सेयरधनीहरुमा अन्यौलता थपिएको छ ।

# कुमारी बैंकको डिबेन्चरमा मागभन्दा बढी आवेदन

काठमाडौं । कुमारी बैंकको डिबेन्चरमा मागभन्दा बढीको आवेदन परेको छ । बैंकको डिबेन्चरमा सर्वसाधारण लगानीकर्ताले १ अर्ब ३० करोड मूल्य बराबरका लागि १३ लाख कित्ता आवेदन दिएका हुन् ।

बैंकका अनुसार १ अर्ब २० करोड मूल्य बराबरको १२ लाख (४०प्रतिशत) एकाइ माग गरिएकोमा १ लाख कित्ता बढी आवेदन परेको हो । बाँकी १८ लाख एकाइ भने बैंकले अन्य संघ-संस्थालाई बिक्री गरिसकेको छ । कुमारी बैंक

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
BANKING PAR EXCELLENCE

डिबेन्चर २०८६ लाई रेटिङ एजेन्सी इक्रा नेपालले वित्तीय सूचक औसतभन्दा राम्रो जनाउने 'इक्रा एनपी बीबीबी प्लस' रेटिङ दिएको छ ।

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीति मार्फत वाणिज्य बैंकहरूलाई चुक्तापुँजीको २५ प्रतिशतसम्म ऋणपत्र अनिवार्य जारी गर्नुपर्ने व्यवस्था गरेपश्चात् पछिल्लो समय सबैजसो बैंक ऋणपत्र निष्काशनमा जुटेकामा कुमारी बैंकले पनि ३ अर्ब रुपैयाँ बराबरको ऋणपत्र पुस १४ गते निष्काशन गरेको थियो । बैंकले एक हजार रुपैयाँ अंकित दरका १० वर्ष भुक्तानी अवधि भएको वार्षिक १०.२५ प्रतिशत ब्याजदर अर्धवार्षिक रूपमा भुक्तानी गर्नेगरी ३० लाख इकाई ऋणपत्र निष्काशन गरेको हो । ऋणपत्रको ब्याजभुक्तानी हरेक साउन १ र माघ १ मा हुनेछ । सावा' १० वर्षपछि अर्थात २०८६ सालमा एकमुष्ट फिर्ता हुनेछ ।

# प्रभु बैंक लि. को वित्तीय साक्षरता कार्यक्रम तिव्र

प्रभु बैंक लि., UK Aid – DFID अन्तर्गत सञ्चालित सामाजिक क्षेत्रमा कार्यरत संस्था सक्षम, Acces Advisory र प्रभु मनि ट्रान्सफरको सहकार्य एवं संयुक्त आयोजनामा भारतको मुख्य शहर तथा प्रमुख व्यापारिक केन्द्र मुम्बईमा विभिन्न पेशा र व्यवसायमा संलग्न रहनुभएका प्रवाशी नेपालीहरुलाई लक्षित गरी मिति २०७६/१०/१८ र १९ गते २ दिने वित्तीय साक्षरता एवं अन्तक्रिया कार्यक्रम सम्पन्न गरेको छ । विभिन्न पेशा र व्यवसायमा आबद्ध भई भारतको प्रमुख व्यापारिक शहर मुम्बईमा रहनुभएका करिब २०० जना प्रवासी नेपालीहरुको उपस्थिति रहेको उक्त २ दिने वित्तीय साक्षरता एवं अन्तर्क्रियात्मक



कार्यक्रममा सहभागीहरुलाई आर्जन गरेको रकम औपचारिक एवं बैंकिङ्ग प्रणाली मार्फत् नेपालमा रहेका आफन्तजनहरुलाई पठाउने लगायत वित्तीय क्षेत्रसँग सम्बन्धित विषयमा विज्ञ समूहबाट पर्याप्त जानकारी गराईएको थियो । उक्त अवसरमा सहभागीहरुबाट अन्तरक्रियामा भाग लिँदै नेपालको बैंकिङ्ग प्रणाली, आफुले आर्जन गरेको रकम नेपालमा पठाउने भरपर्दो एवं सरल माध्यम लगायत वित्तीय जानकारी सम्बन्धी जिज्ञाशा राखिएको थियो । प्रभु बैंक समेतको आयोजनामा आयोजित उक्त वित्तीय साक्षरता एवं अन्तर्क्रियात्मक कार्यक्रममा उत्साहजन उपस्थिति जनाउनुभएका मुम्बाईस्थित प्रवाशी नेपालीहरुले आर्जन गरेको रकम बैंकिङ्ग प्रणाली मार्फत् नेपालमा रहेका आफन्तजनहरुलाई पठाउन विगतमा भन्दा सहज महशुस गरुण र यसबाट नेपालको अर्थतन्त्रमा समेत सकारात्मक परोस भनेर बैकले साक्षरता कार्यक्रमलाई संचालन गरेको बैकले जनाएको छ ।

# मुक्तिनाथ विकास बैंकको'वित्तीय जागरण अभियान' शुरुवात

मुक्तिनाथ विकास बैंक लि.ले माघ १५गतेबाट वित्तीय जागरण अभियान धादिङ्ग जिल्लाबाट शुरुवात गरेको छ। सो अन्तर्गत गल्छी गाँउपालिका, वडा नं ९, बैरेनी स्थित गाउँपालिका भवनमा सोही गाँउपालिका वडा नं ७, का अध्यक्ष हरी खतिवडाको आतिथ्यमा सम्पन्न भएको छ। त्यसैगरी माघ १७ गते डिल्ली सावित्री माध्यमिक विद्यालय, धुनीवेशी ९ धार्केमा यस बैंकको धार्के शाखा अन्तर गतका ग्राहक हरीप्रसाद लोहनीको सभापतित्वमा सम्पन्न भएको कार्यक्रममा




डिल्ली सावित्री माध्यमिक विद्यालयका प्रधानाध्यापक घनश्याम अधिकारी प्रमुख अतिथी र अतिथीमा सोही विद्यालयका शिक्षक नरेन्द्र प्रसाद रिजाल रहनु भएको थियो । उपरोक्त दुवै कार्यक्रममा वित्तीय कारोबारबारे चेतना जगाउने, लघुवित्त कार्यक्रममा केन्द्रको व्यवस्थापन, अधिक र अनुत्पादक कर्जा लिंदाका बेफाइदाहरु, उपयुक्त व्यवसाय छनौट,व्यवसायीक योजना, सफल उद्यमीका विशेषताहरु, बचत, कर्जा, बैंक तथा वित्तीय संस्थाहरुको प्रकार लगायतको विषयमा वित्तीय चेतनाको अभिबृद्धि गराउने यस कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो । कार्यक्रममा १७० जना ग्राहकहरुको सहभागीता रहेको थियो ।उक्त कार्यक्रममा बैंकसंग कारोवार गर्ने उत्कृष्ट ग्राहकहरु तथा उत्कृष्ट केन्द्रहरुलाई पुरस्कार तथा प्रमाण पत्रवितरण गरिएको थियो । मुक्तिनाथ विकास बैंकले"आजको आवश्यकता, सबैमा वित्तिय साक्षरता" भन्ने आशय सहीत समुदाय र विद्यालय स्तरीय वित्तिय साक्षरता कार्यक्रम सँगसँगै वित्तिय जागरण कार्यक्रमलाई समेत अभियानकै रुपमा अन्य जिल्लाहरुमा पनि सञ्चालन गर्ने योजना बनाएको छ ।बैंकले हाल ४२ जिल्लामा १३४ वटा शाखाहरु मार्फत ग्राहकका आवश्यकता बमोजिमका सबै प्रकारका बचत निक्षेप तथा कर्जा सेवाहरु प्रदान गर्दै आई रहेको छ । साथै, प्रविधिमा आधारित रही मोबाईल बैंकिङ्ग, क्यूआर पेमेन्ट, एटिएम, अनलाईन बैंकिङ्ग लगायतका सेवाहरु पनि प्रदान गर्दै आईरहेको बैंकले जनाएको छ ।

# आरविवि मर्चेन्ट बैंकिङको ५ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न

काठमाडौं । राष्ट्रिय वाणिज्य बैंकको सहायक कम्पनी आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको ५ औं वार्षिकोत्सव समारोह नेपाल धितोपत्र बोर्डका कार्यकारी निर्देशक निरजगिरी तथा नेपाल स्टक एक्स्चेन्ज लिमिटेडका प्रमुख कार्यकारी अधिकृत चन्द्र सिंह साउदको विशिष्ठ आथित्यतामा बुधबार सम्पन्न भएको छ । समारोहमा धितोपत्र बोर्डका कार्यकारी निर्देशक निरज गिरीले मर्चेन्ट बैंकिङ्ग लि.लाई ५औं वार्षिकोत्सवको अवसरमा कम्पनीको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिँनै यस क्षेत्रमा हुँदै आएका काम कारबाहीहरुलाई अझै पारदर्शी रुपमा देशका हरेक स्थानहरुबाट सम्पन्न गराउनको लागि कार्य भइरहेको तथा लगानी मैत्री वातावरण सृजन गर्नको लागि अध्ययन समेत भइरहेको जानकारी गराउनुभयो ।

## बैकिङ्ग संसार

# महालक्ष्मी बैकले ग्रहकलाई शुल्क फिर्ता दियो

काठमाडौ । महालक्ष्मी विकास बैंक लि. ले गुणस्तरीय सेवाप्रदान गरी ग्राहक सन्तुष्टि अभिवृद्धि गर्ने उद्देश्य सहित महालक्ष्मी उद्यमशील कर्जा योजना अन्तर्गत नियमित रुपमा कर्जाको किस्ता/ब्याज भुक्तानी गर्ने

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रिय स्तरको इजाजत प्राप्त संस्था)

ग्राहकहरुलाई प्रशासनिक शुल्क फिर्ता गरेको छ । ग्राहकहरुले नियमित रुपमा कर्जाको किस्ता/ब्याज भुक्तानी गरेर देखाएको इमान्दारीताको कदर स्वरुप बैंकले उक्त शुल्क फिर्ता गरेको हो ।बैंकले प्रदान गरेको उक्त सुविधाबाट यस आर्थिक बर्षको असोज मसान्तसम्म करिब ६० जना ग्राहक लाभान्वित हुन सफल भएकाछन् । आगामीदिनहरुमा समेत कर्जाको किस्ता/ब्याज नियमित भुक्तानी गर्ने ग्राहकहरुलाई संस्थाको नियमानुसार प्रशासनिक शुल्क फिर्ता गर्दै जाने बैंकले जनाएको छ ।

# कामना सेवाले ल्यायो डबल डिपोजिट मुद्दती खाता

काठमाडौ । प्रगतिको आधार कामना सेवासँग कारोबार भन्ने मुल नाराका साथ आम जनता माझ विभिन्न बैकिङ सुविधा प्रदान गर्दै आइरहेको कामना सेवा विकास बैंकले ग्राहकहरुको सुविधा र हितलाई ध्यानमा राख्दै मिति २०७६/१०/१४ गते देखि लागू हुनेगरी डबल डिपोजिट मुद्दती खाता

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
'प्रगतिको आधार, कामना सेवासंग कारोबार'

सञ्चालनमा ल्याएको छ। डबल डिपोजिट मुद्दती खाता योजना अर्न्तगत ग्राहकले मुद्दती राखेको ७ वर्ष २ महिनामा दोब्बर रकम प्राप्त गर्ने छन । यस प्रकारको मुद्दती खाता खोल्नका लागि न्यूनतम रु १ लाख हुनुपर्नेछ । यसैगरी बैंकले ऐभरेष्ट इन्स्योरेन्सको सहकार्यमा रु ७ लाखसम्मको दुर्घटना बीमा सुविधा समेत प्रदान गर्ने हुंदा यसबाट ग्राहकले ठूलो लाभ लिन सक्ने र बैंकको व्यवसाय बृद्धिमा सहयोग पुग्ने बैंकले जनाएको छ ।

# प्रभु बैंकको नयां उत्पादन बैदेशिक रोजगारीका नेपालीलाई पनि लक्षित

काठमाडौं । प्रभु बैंक लिमिटेडले प्रदेश न. २ का ५ जिल्लाहरुका प्रवासीएका कामदारहरलाई लक्षित गरी नयाँ प्रडक्ट सूरु गरेको छ । प्रभुले सञ्चालनमा ल्याएको वैदोशक रोजगारी कर्जा योजना अर्न्तगत प्रदेश न. २ का ५



जिल्लाहरु बारा, पर्सा, रौतहट, सप्तरी र सर्लाहीका बैदेशिक रोजगारीमा गएका कामदारहरुले विदेशबाटै कर्जा भुक्तानी लगायत सुविधा पाउनेछन । प्रवासी कामदार र उनिहरुको परिवारको वित्तीय पहूँच अभिवृद्धि गर्ने उदेश्यसहित सञ्चालित युके एडको परियोजना अर्न्तगत सीप सञ्चालनमा रहेका प्रदेश न. २ का ५ जिल्लाहरुका प्रवासी कामदार र कामगर्न जानचाहने व्यक्ती एवं तिनको परिवारले यसबाट अधिकतम् लाभ लिन सक्नेछन् । वैदोशक रोजगारी कर्जा योजना सीप युके एड र नेपाल सरकारको सहकार्यमा सञ्चालित परियोजना हो ।

# बैंक अफ काठमाडौंद्वारा सजंय साई विद्या मन्दिरलाई सहयोग

काठमाडौ ।बैंक अफ काठमाण्डूले आफ्नो संस्थागत सामाजीक उत्तर दायित्व नीति अर्न्तगत बालकोट, भक्तपुरको श्री सजंय साई विद्या मन्दिरलाई विद्यालय हाता भित्र पुस्तकालय निर्माण गर्न सहयोग स्वरुप रु ५००,००० ( अक्षेरुपी रु. पाँच लाख मात्र) उपलब्ध गराएको छ। उक्त सहयोग रकम यस




बैंकका अध्यक्ष प्रकाश श्रेष्ठले बिद्यालय ब्यवस्थापन समितीका अध्यक्ष बिनोद थापालाई हस्तान्तरण गर्नु भएको हो। वैशाख १, २०६८ साल देखि संचालनमा रहेको उक्त विद्यालयले हालसम्म आफ्ना सबै विद्यार्थीहरुलाई निःशुल्क शिक्षा प्रदान गर्दै आईरहेको छ। बैंकले हाल ८७ शाखा कार्यालयहरु, ७८ एटिएम र १० एक्स्टेन्सन काउन्टर मार्फत ग्राहक महानुभावहरुलाई बैंकिङ्ग सेवा तथा सुविधा प्रदान गर्दै आईरहेको छ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



# धनि र गरिब



कृष्ण बहादुर बोगटी 'काका'
चक्रबहिल १२, बालकुमारी
ललितपुर

नेपालमा धनि र गरिब मा धेरैनै विभेद छ पैसा हुनेले कानुनको सबै दाउपेच पाउँछ पैसा नहुनेलाई सरकारी ओकीलले पनि थिचोमिचो गरी रहन्छ । न्यायधिसले पनि थिची रहन्छ त्यसको प्रमाण गरिब हुनु नै हो म एउटा घरबार विहिनी परिवार पाल्दै अरुको घरको काम गर्दै आएको थिए मैले काम गर्दै आएको एउटा संस्थाले मलाई जागीर छोडेर जाओस अनी आफनै नातागोतालाई नियुक्ती गरु भन्ने आसयले मेरो तलब घटाई दियो ।

दुई हजार प्रति महिना घटाएपछि पकका जागीर छोडेर जान्छ भन्ने उसको अडकल तर मेरो कोठा भाडा बच्चाबच्ची पढाउनु पर्ने सबै मेरो नै जिम्मेवारी थियो मैले जागीर छोडिन र उनीहरुको विरोध चाँही गरे अनी मलाई धेरै नै दुःख दिन थालियो अनी मैले जागीर छोडेर हिडे हिड्ने बेलामा मैले तिमीहरुको पहिला र अहिलेको हैसियत चै मेडियामा गई खोल्छु भनेपछि एकाउण्टेण्ट सुबोधले फकाई तपाई इमान्दार ले त्यस्तो कुरा गर्न मिल्दैन म गौरी प्रधानलाई भनेर तलब बढाई दिन्छ भन्यो अनी केहीदिन पछि जागीरमा गए अनि मलाई फसाउन षडयन्त्र गरी पैसा शक्ति लागई चौकी पुराई फसाई दियो मैले पनि लगाएको कुनै पनि आरोप प्रमाणत छैन भने पनि चारबर्ष जेल पनि बसे तर पनि मलाई जेल बस्नुमा कुनै दुःख छैन दुःख त मलाई यस कुरामा छ की दोषी चै छुट्ने निर्दोषी चै कुट्ने भएको ले दुःख लाग्छ । बलात्कारीलाई सजाय फासी नै हुनुपर्छ कुनै दुइ मत छैन ।

तर कुनै पनि भ्रष्टाचारीले आफु बच्न अरुलाई जाल बुनी पैसा पाहुर लगाई फसाउँछ भने त्यसको राम्रो छानविन गरी झुटो रिर्पोट दिनेलाई कार्वाही पनि हुनैपर्छ नत्र भने आफुले गर्ने गल्ती फसाउने निर्दोषलाई हुन्छ पैसा हुने दोषी छुटेको र पैसा नहुने गरिब फसेको प्रमाण पनि छ ।

आदरणिय सम्पादकज्यू

केहीसमय पहिले मैले सिविनमा सेक्युरिटी गार्डमा काम गर्दा मलाई विभिन्न आरोप लगाई पुलिस केस गरी जेलमा हाल्यो र मेरो नोकरी गयो ? भ्रष्टाचारीको विरोध गर्दा अन्यायपूवर्क जेल जिवन विताउनु परेकोले आफ्नो व्यथा मार्फत सिविनका भ्रष्टाचारीको पोल खोलेर प्रमाण सहित यो लेख प्रकाशित गरि दिनुहुनेछ भनी तपाइको लोकपृय पत्रिका पठाएको छु ।

आशा छ पत्रिकाको कुनै एउटा छेउमा यो दुःखद व्यथालाई प्रकाशित गरि दिनुहुनेछ ।

## खेलकुद

# नेपाल प्रहरीमा आवद्ध साग पदक विजेता सम्मानित

काठमाडौं । नेपाल प्रहरी खेलकुद समितिका अध्यक्ष प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा विभिन्न पदक प्राप्त गर्न सफल नेपाल प्रहरीमा आवद्ध खेलाडीहरुलाई नगद पुरस्कारद्वारा सम्मान गर्नुभएको छ । साथै उहाँले कोरियन तेक्वान्दो प्रशिक्षक ग्रान्ड मास्टर क्वान योङ दाल, कराते प्रशिक्षक राजेश श्रेष्ठ र जुडो प्रशिक्षक प्रहरी नायव निरीक्षक देवु थापालाई समेत दोसल्ला ओढाएर सम्मान गर्नुभयो ।

नेपाल प्रहरी खेलकुद समितिद्वारा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजमा आइतबार आयोजित कार्यक्रमबीच उहाँले खेलाडी तथा प्रशिक्षकहरुलाई सम्मान गर्नुभएको हो । कार्यक्रममा प्रहरी महानिरीक्षक खनालले नेपाल प्रहरीमा आबद्ध खेलाडीहरुले राष्ट्रको होनहार खेलाडीको रुपमा अदम्य साहस र सीपका साथ व्यवसायिक भई देशको इज्जत बढाउने कार्य गरेकाले हार्दिक बधाई ज्ञापन गर्नुभयो । राष्ट्र र राष्ट्रिय एकताको सन्दर्भमा नेपाल प्रहरीका खेलाडीहरुले आफ्नो व्यवसायिक क्षमता प्रदर्शन गर्दै आएको इतिहास रहेको उल्लेख गर्दै खेलाडीहरुको योगदानको उच्च कदर गरेर सम्मान तथा नगद पुरस्कार प्रदान गरिएको उहाँले बताउनुभयो ।

नेपाल प्रहरीले सुरक्षाको दृष्टिकोणले समेत १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगिता सौहार्दपूर्ण वातावरणमा सफल पारेको चर्चा गर्दै प्रहरी महानिरीक्षक खनालले पदक जित्ने लक्षित उद्देश्य समेत नेपालले हासिल गर्न सकेको सन्दर्भमा यो राष्ट्रकै लागि गौरवको क्षण भएको उल्लेख गर्नुभयो । यस्ता कार्यक्रमले खेलाडीहरुमा प्रोत्साहन र उर्जा प्राप्त भई आगामी दिनमा थप सफलता हासिल गर्न सक्ने विश्वास लिएको चर्चा गर्दै प्रहरी महानिरीक्षक खनालले खेलाडीहरु देशकै निधि भएकाले थप जोश, जाँगर सहित मर्यादित र अनुशासित भई कडा मेहनतका साथ राष्ट्रका लागि खेल्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

गत मंसिर १५ देखि २४ गतेसम्म नेपालमा संचालन भएको १३औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा सहभागी नेपाल प्रहरीमा आवद्ध खेलाडीहरुले १६ स्वर्ण, १४ रजत र २६ कास्य गरी जम्मा ५६ वटा पदक हासिल गर्न सफल भएका थिए ।

प्रतियोगितामा नेपाल प्रहरी आबद्ध खेलाडीहरुमध्ये सिंगल खेलतर्फ स्वर्ण पदक विजेतालाई नेपाल प्रहरीले १ लाख २५ हजार रुपैयाँ, रजत पदक विजेतालाई ६० हजार रुपैयाँ र कास्य पदक विजेतालाई ३० हजार रुपैयाँ तथा सामूहिक खेलतर्फ स्वर्ण पदक विजेतालाई ७५ हजार रुपैयाँ, रजत पदक विजेतालाई ४० हजार रुपैयाँ र कास्य पदक विजेतालाई २५ हजार रुपैयाँ प्रदान गरेको हो । उक्त प्रतियोगितामा नेपाल प्रहरीमा आवद्ध ९२ जना खेलाडीहरु विभिन्न खेलहरुमा सहभागी भएका थिए ।

उक्त प्रतिष्ठानका कार्यकारी निर्देशक एवं नेपाल प्रहरी खेलकुद समितिका सदस्य(सचिव प्रहरी अतिरिक्त महानिरीक्षक ठुले राईले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा नेपाल जुडो संघका अध्यक्ष दिपक हर्ष बज्राचार्यले समेत आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

नेपाल प्रहरीको खेलकुद गतिविधि सम्बन्धी वृत्तचित्र समेत प्रस्तुत गरिएको सो कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षकहरु, वरिष्ठ प्रहरी अधिकृतहरु, खेलाडीहरु लगायत संचारकर्मीहरुको समेत उपस्थिति रहेको थियो ।




# कुष्ठरोग के हो ? लक्षण, उपचार र जोगिने उपाय

## स्वास्थ्य

डा नितेश घिमिरे

कुष्ठरोग आँखाले देख्न नसकिने माइकोब्याक्टेरियम लेप्र नामक शुक्ष्म किटाणुबाट लाग्ने सरुवा रोग हो। पहिलो पटक सन् १८७३ मा नर्वेका वैज्ञानिक डा जीए ह्यानसनले कुष्ठरोग किटाणुका कारणले हुने रोग हो भनी पत्ता लगाएका थिए। त्यसैले यसलाई ह्यानसेन्स रोग पनि पनि भनिन्छ। प्रत्येकवर्ष जनवरी महिनाको अन्तिम आइतबार विश्व कुष्ठरोग दिवस मनाउने गरिन्छ ।

समाजमा कुष्ठरोग प्रतिको पुरानो धारणामा अझै पूर्णरुपमा परिवर्तन आइसकेको छैन। अझै पनि कुष्ठरोगलाई महारोग, उपचार हुन नसक्ने र अत्यन्त छिटो सर्ने प्रकृतिको संक्रामक रोगको रुपमा लिने गरिन्छ। त्यसैले सबैभन्दा पहिले कुष्ठरोग अत्यन्त कम सर्ने र अन्य रोगहरू जस्तै सजिलै उपचार हुन सक्ने रोग हो भन्ने कुरा सबैले बुझ्नु र सोही अनुसार उपचारको खोजि गर्नु अत्यन्त आवश्यक छ ।

कुष्ठरोगको चिह्न र लक्षण

शरीरको कुनै भागमा छुँदा थाहा नहुने फुस्रो वा हल्का रातो दागहरू देखा पर्नु शुरूको चिह्न हो ।

यसबाहेक अनुहार र कानका लोतीमा गिर्खाहरू देखिनु, छाला चम्किलो र बाक्लो हुनु तथा आँखीभौं झरेर जानु कुष्ठरोगका चिह्नहरू हुन्। अन्त्यमा अपाङ्गता हुन सक्छ ।

स्नायुमा असर पर्न जाँदा हात खुट्टाहरू लगातार झम-झम गर्नु, स्नायु सुन्निनु, दुख्नु, हातखुट्टा छुँदा थाहा नहुनु, मांसपेशीहरू कमजोर हुनु आदि लक्षण भेटिएमा कुष्ठरोग हो कि भनि शंका गर्न सकिन्छ ।

वर्तमान अवस्था

नेपालमा सन २०१० मा कुष्ठरोग निवारण भएको घोषणा गरिएको थियो प्रति १०,हजार जनसंख्यामा १ जना भन्दा कम रोगी भएको अवस्थालाई रोग निवारण भएको मानिन्छ । नेपालमा निवारण भएको घोषणा गरेको अवस्थामा प्रति १० हजार जनसंख्यामा ०.८९ कुष्ठरोगी थिए । जुन निवारणपछिका केही वर्षसम्म घटेको देखिएको थियो र २०७३।०७४ मा बढेर ०.९२ पुगेको र हाल आएर सो संख्या प्रति दशहजार जनसंख्या झण्डै २ जना पुगिसकेको छ । माथिको तथ्यांकलाई हेर्दा नेपालमा कुष्ठरोग निवारण भयो भनेर ढुक्क संग बस्ने अवस्था छैन। १८ जिल्लाहरूमा निवारणको अवस्था नहुनु र प्रतिवर्ष ३ हजार भन्दा धेरै नयाँ बिरामी थपिनुका साथै स्वास्थ्य सेवाको पहुंच भन्दा बाहिरै रहेको जनसंख्या पनि उल्लेख्य छ । कुष्ठरोग प्रतिको नकारात्मक सोच र सही जानकारीको अभावले रोग लुकाउने र समयमै उपचारको खोजी नगर्ने प्रवृतिले गर्दा कुनै समयमा यसको प्रकोप भयावह रुपमा देखिन सक्ने संभावना टरिसकेको छैन है भन्ने कुरामा हामि होसियार नै रहनु पर्छ ।

कुष्ठरोगका प्रकार ?

कुष्ठरोगका चिह्न र लक्षणको आधारमा यसलाई दुई भागमा बाँड्न सकिन्छ ।

१) बढी किटाणु भएको अर्थात (एमबी) कुष्ठरोग

२) कम किटाणु भएको अर्थात (पीबी) कुष्ठरोग

कुष्ठरोगको उपचार के हो ?

यसको उपचार बहुऔषधि विधिबाट गरिन्छ। जसअनुसार बढी किटाणु भएका अर्थात (एमबी) कुष्ठरोग बिरामीले १२ महिना र कम किटाणु भएका अर्थात (पीबी) कुष्ठरोग बिरामीले ६ महिना नियमित औषधि सेवन गर्नुपर्दछ। बिरामीले घरैमा बसेर औषधि सेवन गर्न सक्दछन्। बहुऔषधीको १ मात्राले नै ९९ प्रतिशत किटाणु निस्क्रिय बनाइदिन्छ। तसर्थ उपचार गरेका बिरामीबाट रोग अरूलाई सर्दैन । कुष्ठरोगको उपचार स्वास्थ्य संस्थामा निःशूल्क पाइन्छ। साथै हाल नेपाल सरकारले उपचार पूरा गरेका तथा विशेष सेवाका लागि अस्पतालमा भर्ना हुँदा यातायात खर्च रु। १ हजार उपलब्ध गराएको छ ।

औषधिको साइड इफेक्ट

कुनै पनि रोगका औषधिको साइड इफेक्ट

बाँकी २ पृष्ठमा

# रामेछाप डायरी

## रामेछापमा द्धन्द पीडितको गुनासो

रामेछाप । रामेछापका द्धन्द पीडितहरुले राज्यले आफुहरुलाइ झन पीडा दिएको गुनासो गरेका छन् । शनिबार रामेछापको मन्थलीमा न्यायका लागि पीडित समाज रामेछापको आयोजना र एडभोकेसी फोरम नेपालको सहयोगमा संक्रमणकालिन न्याय र द्धन्द्ध पीडितको अवस्था विषयक अन्तरक्रिया कार्यक्रममा उनीहरुले यस्तो गुनासो गरेका हुन् । द्धन्द्ध पीडितहरु श्याम पौडेल, बेदबहादुर कार्की, गीता ढङ्गेल, देवी मायाँ मगर, बद्री प्रसाद ढुङ्गेल, प्रकाश चन्द श्रेष्ठ, मिनकुमार मगर, गोविन्द बहादुर बुढाथोकी, नविन कुमार केसी र नारायण बहादुर श्रेष्ठले राज्यले आफुहरुको समस्या सम्बोधन गर्न छाडेर झन पीडा दिएको भन्दै आक्रोस व्यक्त गरे । उनीहरुले राज्यले झुटो आश्वासन दिएर पीडितहरुलाई झन पीडा दिने काम मात्रै गरेको भन्दै आक्रोश समेत पोखेका छन् । उनीहरुले सरकारले द्धन्द्ध पीडितहरुको समस्या छैन भनेर गरिरहेको प्रचारको कडा अलोचना समेत गरेका छन् । उनीहरुले स्थानीय सरकारले पनि विभिन्न ऐन, कानुन निर्माण गर्ने क्रम्मा द्धन्द्ध पीडितहरुको समस्यालाई पनि समेट्नुपर्ने माग समेत गरे । पीडितहरुले आगामी दिनमा आफ्ना बालबालिकाले सत प्रतिशत छात्रवृत्तिमा पठनपाठन गर्ने वातावरण हुनु पर्ने, पीडितको पहिचान हुने गरि राज्यले उनीहरुको संरक्षण गर्नु पर्ने , राज्यबाट राहात रकम उचित पाउनुपर्ने, पिडा अनुसारको न्याय पाउनुपर्ने लगायतका कुराहरु तत्काल ब्यवस्था गर्नु पर्ने माग गरेका छन् । पीडितहरुको समस्यालाई सम्बन्धीत ठाउँसम्मा पुऱ्याउनका लागि भुमिका खेल्ने मानव अधिकार संरक्षण सञ्जाल रामेछापका संयोजक पाण्डप प्रसाईले प्रतिवद्धता जनाएका छन् ।

## सबैसंग समन्वय र सहकार्य गरेर मात्रै काम गर्नेछु : अध्यक्ष घिमिरे

रामेछाप । रामेछाप उद्योग बाणिज्य संघका अध्यक्ष केशव प्रसाद घिमिरेले सबैसंग समन्वय र सहकार्य गरेर मात्रै काम गर्ने बताएका छन् । शनिबार होटल तथा पर्यटन व्यवसायी संघ रामेछापले आयोजना गरेको वनभोज तथा सम्मान कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् । उनले नेपाल भ्रमण बर्ष २०२० लाई सफल बनाउँका लागि जिल्ला स्थित सरोकारवाला निकायसंग आवश्यक समन्वय गरेर उद्योग बाणिज्य संघले विभिन्न योजना बाउँने र कार्यान्वयन गर्ने तयारी गरिरहेको बताए । यसैलाई ध्यानमा राखेर रामेछाप जिल्लामा संचालित होटलहरुको थप व्यवस्थापन र होटल व्यवसाय प्रवर्द्धनका लागि उद्योग बाणिज्य संघले काम गर्ने बताए । पर्यटन प्रवर्द्धनका लागि होटलको ठुलो भुमिका हुने भएकाले यसको व्यवस्थापनका लागि उद्योग बाणिज्य संघले तत्काल जिल्ला प्रशासन , जिल्ला प्रहरी , होटल तथा पर्यटन व्यवसायी संघ लगाएत सरोकार राख्ने निकायसंग छलफल गरी योजना बनाउँने उनको भनाई छ । कार्यक्रममा सहभागि होटल व्यवसायीहरुले भने होटल खोल्ने निश्चित समयावधी हुनु , सार्वजनिक यातायातका साधनको आवत जावतमा समय सिमा नहुँनु लगाएतका विभिन्न समस्याका कारण होटल संचालनका लागि समस्या भएको गुनासो गरेका थिए । उनीहरुले अन्य जिल्लाहरुमा सरकारले घोषणा गरेको नेपाल भ्रमण बर्ष २०२० लक्षित विभिन्न कार्यक्रमहरु संचालन भैरहेपनि रामेछापमा देखिने कार्यक्रम संचालन नभएकाले यसका बारेमा गम्भीर बन्न उद्योग बाणिज्य संघलाई आग्रह गरेका थिए । उनीहरुले व्यवसायीहरुको हित हुनेगरी योजना निर्माण गरी काम गर्न पनि उद्योग बाणिज्य संघका नयाँ पदाधिकारीहरुलाई आग्रह गरे । कार्यक्रममा होटल तथा पर्यटन व्यवसायी संघ रामेछापका बष्ठि उपाध्यक्ष दिनेश कार्कीले रामेछाप उद्योग बाणिज्य संघका पदाधिकारीहरुलाई खादा लगाएर सम्मान गरेका थिए । माघ ५ गते भएको निर्वाचनबाट वरिष्ठ उपाध्यक्षमा नविन थापा मगर , बाणिज्य उपाध्यक्ष दामोदर थापा , उद्योग उपाध्यक्ष भिमशेन थापा , महासचिव नवराज ढुँगेल , सचिव सुरेश उदाश र कोषाध्यक्ष पवनकुमार कठायत विजयी भएका थिए । त्यसैगरी जया सुवेदी महिला सदस्य र आकाश रिजाल आजीवन सदस्यमा विजयी भएका थिए । सुमिका श्रेष्ठ , राजु थापा , कुमार श्रेष्ठ , किशोर पौडेल र यज्ञप्रसाद सुवेदी खुला सदस्यमा निर्वाचित भएका थिए ।

## ओझेलमा स्थानापति महादेव मन्दिर

रामेछाप । रामेछाप जिल्लाको मन्थली नगरपालिका-९ पुरानागाउँमा रहेको ऐतिहाँसिक तथा धार्मीक तिर्थस्थलको रुपमा रहेको स्थानापति महादेव मन्दिर प्रचारको कमिको कारण ओझेलमा परेको छ । स्थानापति महादेवस्थान काठमाडौँको पशुपति, पूर्वि नेपालको हलेशी महादेव जत्तिकै महत्वको महादेव मन्दिर भएको स्थानीयको भनाई छ । यो मन्दिरको इतिहाँस ३ सय वर्षभन्दा पनि पुरानो रहेको छ । सो मन्दिरमा गई पूजा आराधना गरि ठूलो स्वरले बरदान माग्दा मागको बर पाइने विश्वास रहेको छ । महादेव मन्दिरमा बस्तु थारो बस्दा ब्याओस् भएनेर माग्ने तथा सन्तान नहुनेले सन्तान प्राप्तिको कामना गर्दै बर माग्ने चलन रहेको छ । मन्दिरमा बस्तुको दाम्लो चढाएर त्यही दाम्लोले महादेवस्थान परिसरको ढुँगा डोहोर्याएर घरमा ल्याउँदा वस्तुभाउ फस्टाउने जनविश्वास रहेको छ । भौगोलिक बिकटताको तथा प्रचार प्रशारको कमीको कारण छायाँमा परेको सो महादेवस्थानको विकासको लागि मन्थली नगरपालिकाले पुर्वाधार निर्माणको काम सुरु गरेको छ । नगरपालिकाले मन्दिरको फेदीबाट मन्दिसम्म जानको लागि सिँढि निर्माण गरेको छ । त्यसैरी मन्दिर परिसमा पनि पुर्वाधार निर्माणका विभिन्न कामहरु भई रहेका छन् ।

महादेव मन्दिरलाई धार्मीक पर्यटकिय स्थानको रुपमा विकास गर्ने गरी काम भई रहेको मन्थली नगरपालिका प्रमुख रमेशकुमार बस्नेतले बताए । उनले बुढामाहादेव, भिमसेनस्थान र चिसापानी गढीलाई जोड्ने गरी पुर्वाधार निर्माण र विकासको काम भई रहेको बताए । यस महादेव मन्दिरको मा प्रत्येक बर्षको तीज तथा ठूलो एकादशीमा ठूलो मेला लाग्दछ । यी पर्वहरुमा रामेछाप जिल्लाका साथै छिमेकी जिल्लाहरु सिन्धुली, सर्लाही, महोत्तरी, ओखलढुँगा, काभ्रे तथा दोलखाबाट समेत दर्शनार्थीहरु आउने गर्दछन् । स्थानापति बैरा महादेवको नामले परिचित यस महादेव मन्दिरलाई बुढामहादेव भनेर समेत पुकारिन्छ । महादेवस्थानमा पुगेर वर माग्ने जो कोही व्यक्तिले मागेका मनोकामना महादेवले पुरा गरिदिने जनविश्वास रहेको छ । तर वर माग्दा ठूलो स्वरले माग्नु पर्ने जनविश्वास छ । पहाडको टाकुरामा पर्ने महादेवस्थानबाट मनोरम दृश्यावकलोकन समेत गर्न सकिन्छ । महादेवको दर्शनसँगै पहाडका नागवेली दृश्यहरुको अवलोकन गर्न पाइन्छ ।

# दामोदर ढकालको उपन्यास 'तुलसी र ज्योतिषी'


दामोदर ढकाल उर्फ 'दीपक' केही वर्ष अगाडिदेखि नेपाली साहित्यको क्षितिजमा आक्रामक रूपले अगाडि बढ्दै गएको नाम हो। उनलाई साहित्य लेखन मात्र नभई समाजसेवामा पनि समान रुचि छ। नेपालको विकट जिल्ला, भोजपुर, याकुमा २०३५ साल श्रावण २७ गते जन्मिएका ढकालको कर्मथलो काठमाडौं बनेको छ। उनी साहित्य साधनामा तल्लिन त छन् नै। तर त्यतिकै चासो साहित्य प्रकाशन र संवर्द्धनमा पनि छ। नवप्रवेशी साहित्य प्रेमीहरूलाई साहित्यमा पहुँच सुगम बनाउन उनले पब्लिकेशन कार्यालय पनि खोलेका छन्।

यसरी बहुआयामिक काम गर्न, रुचाउने ढकालको कलम पनि,कथा, कविता, हाइकु, निबन्ध, मुक्तक, गजल, उपन्यास आदिविधाहरूमा एकनासले चल्छ। ढकालको उपन्यासतर्फ यो तेस्रो सामाजिक उपन्यास हो। यस अगाडि 'रत्नपार्कको रञ्जु' र 'तँ' समेत दुईवटा उपन्यास प्रकाशित भई निकै चर्चा बटुल्न सफल भएका छन्। ती उपन्यासहरूको दोस्रो संस्करण पनि बजारमा आइसकेको छ।

'नलगोडेर फल लाग्दैन' भन्ने नेपाली उखानलाई साकार रूप दिनचाहने स्वभाव उनको छ। राम्रो उपज उब्जाउन जसरी मल, बिऊ, पानी र ताप जस्ता आधारभूत वस्तुको उचित व्यवस्था मिलाउनु पर्छ। नत्र भने राम्रो फसलको अपेक्षा गर्न सकिदैन। त्यसैगरी बाल-बालिका देशका कर्णधार हुन्। भविष्यको असल नागरिक बनाउन बालापनदेखि नै उनीहरूलाई उचित शिक्षा दिक्षा र संस्कारको जरुरत पर्दछ। तब मात्र भविष्यमा देश हाक्न सक्षम हुनेछन्। समय घर्की सकेपछि पछुताउनु भनेको 'पानी पर्न थालेपछि छाता किन्न खोज्नु' सरह नै हो।

बालदिमाग एक प्रकारको कोरा कागज हो, यसमा जे भरिन्छ त्यसैबाट उनीहरूको भविष्य निर्धारण हुन्छ। यसैलाई मूलमन्त्र मानी वि.सं. २०७६ साललाई बालबालिका सम्मान वर्षको रूपमा मनाउने उद्देश्य राखेर वैशाख लागेदेखि नै बढी से बढी साहित्यकारहरू सँग समन्वय गरी १०० वटा बालसाहित्य सामग्री तयार गर्न लगाई प्रकाशन गर्ने लक्ष्य लिएर शुरू गरेको अभियान अनुसार ६० भन्दा बढी साहित्यिक कृति सङ्कलन गरी प्रकाशन गरेर गत मंसिर महिनाको १ देखि ३ गतेसम्म आधुनिक साहित्य परिषद, नेपालको आयोजनामा डा. डिल्लीरमण रेग्मी पुस्तकालय, लाजिम्पाटमा त्रिदिवसीय बृहत् साहित्यिक कार्यक्रमको आयोजना गरी ती पुस्तकरूको विमोचन समेत गराउन सफल भए।

यसै सिलसिलामा उनको बाल उपन्यास 'तुलसी र ज्योतिषी' मेरो हातपर्यो। सर्सती अध्ययन गरें। यसमा




विशेष गरेर अन्धविश्वासले जकडिएको हाम्रो जस्तो अशिक्षित समाजमा टाठाबाठाहरूले कसरी सर्वसाधारणलाई भ्रम पारेर ठगी गर्दछन् भन्ने विषयलाई उजागर गरिएको छ। उपन्यासमा हिन्दु धर्मको अति प्राचीनवाङ्मय वेदको छैटौं अङ्गमानिएको ज्योतिष विद्यालाई पनि अल्पज्ञानी ठगाहाहरूले अपव्याख्या गरेर आफ्नो दुनो सोझ्याउने र ग्राहकलाई फसाउने गर्छन् भन्ने विषयलाई समेटेको छ। पछि यो रहस्यलाई पीडीत परिवारले अर्को ज्योतिषीको सहयोगबाट कर्तुत पत्ता लगाएपछि गाउँलेहरूले त्यो ठगलाई कालोमोसो दलेर भगाएको प्रशंग उपन्यासको मुख्य प्रस्तुति छ। समग्रमा भन्नुपर्दा बाल- बालिकाका लागि उपयुक्त सन्देश र सुझाव मूलक भएकोले उपन्यास पठनीय छ।

'बोल्यो किपोल्यो' भन्ने जुझारु प्रकृतिका लेखकको अन्तर्हृदयले कुनै काम गरौं भन्ने लागेपछि त्यसलाई जसरी पनि मूर्त रुप दिने उनको बानी छ। उनी अत्यन्त मिहिनेती र लगनशील छन्। विशेष गरेर देश र समाज रुपान्तरणका लागि चिन्तित छन्। बाल-बालिकालाई देशको खम्बा र विशाल शक्तिका रूपमा लिने ढकालले बाल मनोविज्ञानलाई अध्ययन गरी नेपालको सन्दर्भमा उपयुक्त हुने उपन्यास लेखेका हुन्। यो पुस्तकको आयतन सानो छ। तर यो नून, पिरो, अमिलो र मसला ट्वाक्क पुगेको अचार जस्तो छ। यसलाई बाल-बालिकाले मन पराउछन् जस्तो मलाई लागेको छ।

विद्यार्थीहरूले यो बाल सौगातलाई अध्ययन र मनन गरेर असल नागरिकमा हुनुपर्ने ज्ञान हासिल गर्न यो उपन्यास मार्ग दर्शकको रूपमा काम गर्न सक्नेछ। यो पुस्तक छोटो र सारगर्भित छ। हाम्रो समाजमा विद्यमान अन्धविश्वास र कुरीति हटाउने तर्फ पनियसले मद्दत पुऱ्याउने छ भन्ने मेरो बुझाई छ। आगामी दिनहरूमा पनि यस्ता समाजोपयोगी कृतिहरू प्रकाशन गर्न अझै सफलता मिलोस् भन्ने कामनाका साथ आजलाई यति।

# विद्युतीय बसका सञ्चालनका लागि ६३ अर्बमा ५० चार्जिङ स्टेसन बन्दै

काठमाडौं। नेपाल विद्युत् प्राधिकरणले सुपर चार्जिङ स्टेसन बराबरको लगानीमा साधारण चार्जिङ स्टेसन निर्माणको प्रक्रिया अघि बढाएको छ। हाल ६३ अर्ब रुपियाँ लागतमा ५० वटा स्टेसन निर्माणका लागि ग्लोबल टेन्डर आह्वान गरिसकिएको छ। साधारण चार्जिङ स्टेसनका लागि गरिएको यो आह्वानमा प्राधिकरणले मोटो रकम खर्च गर्दैछ। स्टेसन आगामी चैत अन्तिमसम्म सम्झौता भई निर्माण सुरु गरिने प्राधिकरणका प्रवक्ता प्रवल अधिकारीले जानकारी दिए। साधारण चार्जिङ स्टेसन पुरानो प्रविधि हो। यसमा एउटा सवारी पूर्णचार्ज गर्न कम्तीमा ६ घण्टा लाग्दछ तर सोही छ घण्टामा चार्ज हुने सवारीलाई सुपर चार्जिङले दुई घण्टामा गर्छ तर प्राधिकरणले भने साधारण चार्जिङ स्टेसन बनाउँदै छ। ४२ किलोबाटको मेसिन राखिने चार्जिङ स्टेसनमा छ घण्टा लगाएर चार्ज गर्नुभन्दा दुई घण्टामै चार्ज हुने सुपर चार्जिङ स्टेसन बनाउन व्यवसायीको सुझाव छ। चारवटा विद्युतीय बस सञ्चालन गरिरहेको सुन्दर यातायातका अध्यक्ष भेषबहादुर थापाले भने, 'प्राधिकरणले नर्मल चार्जिङ स्टेसन बनाउँदै छ त्यो पनि साह्रै महँगोमा, एउटा स्टेसन बनाउन ५० लाख खर्च लाग्दैन तर उहाँहरूले एक अर्ब रुपियाँको हिसाब गरिरहनुभएको छ-छ घण्टा चार्ज गर्नुपर्ने अवस्था अबको दुनियाँमा व्यावहारिक पनि हुँदैन।'



## गजल



तिहार आयो छठ आउँछ रमाइलो हुन्छ
अधकिार कर्मिले फसायो मन सारै रुन्छ
दशै गयो धेरैको बलि लिएर
आफ्नो इज्जत खेर गयो भ्रष्टले फसाएर

कृष्ण बहादुर बोगटी
धुम्बाराही ४, काठमाण्डा

समाज सेवा निस्वार्थले गर्नुपर्ने
पैसा कमाउने धन्दा भयो मैले कसो गर्ने
अधिकार कर्मि भन्छन समाज सेवा गरे
मैले देख्दा उनीहरु नै भ्रष्टाचारी परे

धेरै आय समाज सेवा गर्छु भन्ने संस्था
अकुत सम्पत्ती कमाई गरी नाता पोस्ने जस्ता
कर्मचारी फसाएर श्रीमती बनाउने
इमानदारलाई फसाएर सारै गनाउने।

अकुत सम्पत्ती कमाउन झुठो बोल्नु पर्ने
विना कुर्सी पैसा सम्भव छैन मैले कसो गर्ने
संस्था खोले अध्यक्ष भए डलर कमाएर
विरोध गर्ने कमचारीलाई फसाएर।

अधिकारकर्मिले फसायो भनी हजार पत्र लेख
पैसा नहुनेको कुरा कोई सुन्दैनन देखे
अधिकार आयोगहरु सबै मिडियामा पत्र लेखे
पैसा भन्दा ठूलो केही हुदो रहेछ लेखे।

## गजल

अनुराधा शर्मा, काठमाडौं

के छ अस्तित्व के हुन्छ र अमूल जीवन
भाचिएको बैसाखीमा छ स्थुल जीवन

कसरी तर्नु साउनको भेल बर्षातको
छ कगजको डुङ्गा चर्केको पुल जीवन

नसुगन्ध वतासमा न भुनभुन भमराको
नओइलिने थुङगा कागजकै फूल जीवन

सुकेको पात झैं उड्दै जान्छ हलुको बन्दै
उराठ लाग्दो पतझडमा ब्याकुल जीवन

छैन जून कहाल लाग्दो निष्पट्ट अंधकारै
अहोरात्र घोच्दछ बनी तिक्ष्ण शुल जीवन

Green Hut Lounge
&
Cafe with Banquet
तपाईहरुको सेवामा सधैं समर्पित छ।
स्वच्छ, सफा, पारिवारिक आनन्दमा बसेर सेवा लिन सक्नु हुनेछ।
स्थान: चण्डोल चोक, काठमाडौं
सम्पर्क नम्बर:०१-४४३४११३

जलदेवी सामुदायिक वनको आकर्षण




*जिप लाइन*
आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको केन्द्र जिप लाइन तपाईहरुको सेवामा समर्पित छ। घुमौं मजा लिऔं, पर्यटन वर्ष २०२० लाई साकार गरौं।
*आकर्षणहरु*
१. एउटा तारमा झुण्डिएर स्पिडमा एउटा रुखबाट अर्को रुखमा पुग्ने,
२.भर्खरका युवा युवतीले प्रयोग गर्न सक्ने र चुडीने भन्ने प्रश्न नै नआउने
३. पार्कमा पिकनिकको व्यवस्था भएको,
४. अन्य साहसिक खेलका साथै मनोरञ्जन दिने विभिन्न इभेन्ट।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
www.janaakash.com.np
का.जि.प्र.का.द.नं. ३५२/०६४-०६५ गो.हु.का. द.नं. १२/०७५/०७६


# नमोबुद्ध नगरपालिका साँस्कृतिक कार्यक्रम

मिलन लामा

काभ्रे । नमोबुद्ध नगरपालिका वडा नं ५ कानपुरमा आयोजित बृहत साँस्कृतिक सोनाम ल्होछारमा खानेपानी, सडक र नगरपालिकाले तीन दिन विदा नदिएको विषयमा चर्चा भएको थियो । उक्त कार्यक्रममा प्रतिनिधि सभाका सांसद गंगाबहादुर दोङ बमध्वज प्रमुख अतिथि रहेका थिए भने बाग्मती प्रदेशका सांसद रत्न ढकाल र नगर प्रमुख टिपी शर्मा विशेष अतिथिका रूपमा रहेका थिए ।

कानपुरका मैनाली, नेवार, मगर, उप्रेती समुदायका दिदीबहिनी , आमा बुबाहरू माघ १८ गते भएको सोनाम



ल्होछारको बृहत साँस्कृतिक कार्यक्रममा डम्फुको तालमा नाच्दै सोनाम ल्होछार मनाइ रहेका थिए । सृजना उप्रेतीले सेलोको भाकामा मिठो गीत सुन्न साथ कम्मर मर्काएर नाच्न मन लागेको बताइन् । गणेश मैनाली, जित्तु लोप्चनको गीतमा नाच्दै रमाइलो गर्दै थिए । कानपुरमा भएको कार्यक्रम साँच्चिकै समावेशी थियो । सबै जातजातिका स्थानीयहरु एक्कै ठाउँमा बसेर ल्होछार मनाइ रहेका थिए ।

हाँस्य कलाकार बल्छी धुर्बेले नेताहरूलाई गाली गर्दै गरेको ब्याङ्ग्यलाई दर्शकहरूले तालीले साथ दिईरहेको थियो ।

नगरप्रमुख टिपी शर्माले स्थानीय धार्मिक स्थलको प्रचार प्रसार गर्नका लागि ल्होछार कार्यक्रमले सजिलो बनाइ दिएको दाबी गर्नुभएको थियो भने दुई दिन सार्वजनिक विदा दिएको भनेर स्थानीय तामाङ समुदायको मन बुझाउन खोजेका थिए ।

प्रदेश सांसद रत्न ढकालले नेपाल बहुभाषी, बहुजाति, बहु संस्कृति भएको देश भएको हुनाले बिदाको सवालमा सरकारले सोच विचार गरेर नै बिदा दिएको बताएका थिए । उहाँले नेपाल एकात्मक व्यवस्थाबाट संघीय व्यवस्थामा आइसकेको हुनाले नेपालका सबै भाषा,धर्म, र पर्वहरू राष्ट्रिय चाड पर्वका रूपमा लिनु पर्ने दाबी गर्नु भएको थियो । संक्रमणकालबाट समृद्ध तिर जाँदै गर्दा नेपाल सरकारले केही चाडहरूको विदाहरूलाई कटौति गरेता पनि सोनाम ल्होछारमा प्रदेश सरकारले १ दिनका लागि सार्वजनिक विदा दिन थालेको र आवश्यक थप बिदा चाहिएमा प्रदेश सरकारसँग अनुरोध गर्न सकिने सांसद ढकालले बताउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि गंगा बहादुर दोङ बमध्वजले कर्मचारीको बेइमानीका कारणले सुनकोशीको पानी तेमालमा आइपुग्न ढिला भएको बताउनु भयो तर फागुनको अन्तिमसम्म तेमालका जनताले सुनकोशीको पानी पिउन पाउने उहाँको दाबी रहेको छ।

भकुण्डेबेशी देखि मेच्चेपौवा सम्मको ह्निन्जेन दोर्जे सडक खण्डको कालोपत्रे चाँडै हुने सांसद दोङले बताएका छन् । कार्यक्रमलाई छेटुप तामाङ दोङले संचालन गर्नुभएको थियो भने सिंह बहादुर तामाङ सभापति रहेका थिए । अगामी दिनहरूमा नमोबुद्ध नगरपालिकाका सम्पुर्ण तामाङहरूलाई एकै ठाउँमा जम्मा गरेर सोनाम ल्होछार मनाउने वतावरण निर्माण गर्ने कार्यक्रमका सभापति सिंह बहादुर तामाङले बताउनुभयो । कार्यक्रममा गायक हावा लामा, गायिका जितु लोप्चन, गायक प्रयास लामा लगाएत स्थानीय कलाकारहरूको प्रस्तुति रहेका थिए ।

# बजाजको नयाँ शोरुम स्याङ्जामा

काठमाडौं । नेपालका लागि बजाज मोटरसाइकलको अधिकृत वितरक हंसराज हुलासचन्द एण्ड कम्पनीले स्याङ्जामा अझै आधुनिक एवं सुविधा सम्पन्न नयाँ शोरुम ‘अर्पण इन्टरप्राइजेज’को शुभराम्भ गरेको छ ।

स्याङ्जामा बजाजको नयाँ शोरुमले आफ्ना ग्राहकहरुलाई उच्चस्तरीय सेवा पुर्याउदै सधै अगाडि बढ्ने र बजाजको सेल्स, सर्भिस र स्पेयर्स देशभर उपलब्ध गराउन उद्देश्यलाई सार्थक बनाउन सहयोग गर्नेछ । यो उद्देश्यलाई सार्थक पार्ने अर्पण इन्टरप्राइजेजका प्रोप्राइटर अरुण श्रेष्ठलाई स्याङ्जामा डिलरसीप प्रदान गरिएको छ ।

बजाजले नेपालकै सर्वाधिक बिक्री हुने विश्वाशीलो अटोमोबाइल ब्राण्डले ग्राहकहरुलाई खरिद गरेको सामाग्रीमा अधिकतम मूल्य प्रदान गर्न सधै प्रतिबद्ध रहेको बताएको छ । नयाँ शोरुमले ग्राहकहरुलाई बाइकको स्पेयर्स पार्टस् तथा एसेसरिज खरिदका लागि सहज बनाउने छ । यसैको माध्यमबाट देशभरका ग्राहकहरुलाई उच्चस्तरीय, विश्वस्त सेवा र अझै आधुनिक सुविधा सुनिश्चित गर्दै बजाजलाई आफ्नो बिक्रीलाई थप सशक्त बनाउन सहयोग पुग्नेछ ।

नयाँ शोरुम शुभारम्भ गर्दै हंसराज हुलासचन्द एण्ड कम्पनी प्रालिका जनरल म्यानेजर योगेन गुरुङले भने, ‘हामी स्याङ्जामा नयाँ शोरुम उद्घाटन गर्न पाउँदा निकै प्रसन्न छौं । हाम्रा ग्राहकहरु निरन्तर वृद्धि भइरहनु भएको छ र उहाँहरुलाई पूर्ण सन्तुष्टि र सुविधा प्रदान गर्नु हाम्रो जिम्मेवारी हो । स्याङ्जामा यो नयाँ शोरुम विस्तारसँगै, हामीले आशा गरेका छौं कि यसले ग्राहकहरुको जीवन सहज बनाउनुका साथै उनीहरुले बजाज मोटरसाइकलको नयाँ अनुभव बटुल्ने अवसर प्राप्त गर्नेछन् ।’ शोरुम उद्घाटनको अवसरमा ग्राहकहरुलाई आकर्षक उपहारको व्यवस्था पनि गरिएको छ ।



# जगदम्बा सिमेन्टद्वारा चारसय हेल्मेट वितरण

भैरहवा । ‘हेलमेटले हाम्रो ज्यानको रक्षा गर्छ’ भन्ने नाराकासाथ जगदम्बा सिमेन्ट ईण्डष्ट्रिज प्रालिले सोमबार भैरहवामा मोटरसाइकल चालकहरुलाई निःशुल्क हेल्मेट बितरण गरेको छ ।

जगदम्बा सिमेन्ट ईण्डष्ट्रिज प्रालिका महाप्रवन्धक बिदुर ढुङ्गाना, सिद्धार्थ उद्योग बणिज्य संघका अध्यक्ष कुल प्रसाद न्यौपाने, जिल्ला ट्राफिक प्रहरी प्रमुख महेश बस्नेत, लुम्बिनी प्रेस क्लबका अध्यक्ष दिपेश पछाई लगायतले बिना हेल्मेट मोटरसाइकलमा बसेका बालबालिका, महिला तथा पुरुषहरुलाई बुद्ध चोकमा चारसय बढी निःशुल्क हेल्मेट बितरण गरेका हुन ।

त्यसैगरी बिभिन्न संघ सस्थाहरुलाई मेडिकल बक्स समेत बितरण गरेका थिए । शुभश्री जगदम्बा सिमेन्ट ईण्डष्ट्रिज प्रालिकै सहयोगमा निःशुल्क



हेल्मेट बितरण् कार्यक्रममा प्रमुख अथिति सिद्धार्थ उद्योग बाणिज्य संघका अध्यक्ष कुलप्रसाद न्यौपानले शुभकामना मन्तब्य दिंदै बिना हेल्मेट सवारी चलाउंदा विभिन्न किसिमको घटनामा पर्दा टाउको फुटेर ज्यान नै जानसक्ने भएकाले हेलमेट लगाएर आफ्नो ज्यानको रक्षा गर्न आग्रह गरे ।



जगदम्बा सिमेन्ट ईण्डष्ट्रिज प्रालिका महाप्रवन्धक बिदुर ढुङ्गानाले देशभरि यो अभियान संचालन गरिने जानकारी दिए ।

उनले प्रालीले सामाजिक उत्तरदायित्व अर्न्तगत पूर्वको मेचीदेखि पश्चिमको महाकालीसम्म देशभरि हेल्मेट बितरण गरी जोखिम रहेका मोटरसाईकल चालकलाई हेल्मेट प्रदान गरिने बताए ।

# टाटा मोटर्स जेन्युइन आयल नेपाली बजारमा

काठमाडौं । नेपालका लागि टाटा मोटर्स जेन्युइन पार्टसको एकमात्र आधिकारिक वितरक सिप्रदी अटो पार्टसले टाटाका विभिन्न कमर्सियल गाडीहरूका लागि टाटा मोटर्सको एकमात्र जेन्युइन आयल बजारमा सार्वजनिक गरेको छ ।

अन्तराष्ट्रिय बजारका लागि गरिएको औपचारिक सार्वजनिक प्रबन्धनिर्देशक विशाल पटेल तथा सिप्रदी अटोपार्टसका प्रबन्ध निर्देशक युवराज बूढाथोकीले संयुक्त रुपमा टाटा मोटर्स जेन्युइनआयल अन्तर्राष्ट्रिय बजारमा औपचारिक रूपमा सार्वजनिक भएको घोषणा गरेका थिए ।

उक्त समारोहमा १ देखि १५ लिटर रेन्जसम्मका विभिन्न प्याकमा उपलब्ध तीन विभिन्न उत्पादनहरू टाटा जेन्युइन इन्जिन आयल, गियर आयलतथा रियर एक्सल आयल लन्च गरिएको थियो ।



समारोहमा नेपालभरका टाटा मोटर्स जेन्युइन पार्टस्का एक सयभन्दा बढी खुद्राबिक्रेता, च्याम्पियन जोन तथाआधिकारिक सर्भिस सेन्टरका प्रतिनिधिहरूको सहभागिता थियो।

समारोहका क्रममा टाटा मोटर्स लिमिटेड, कस्टमर केयरका ग्लोबल हेड आर रामाकृष्णन, सिप्रदी ट्रेडिङ प्रालिका प्रमुख कार्यकारी अधिकृत राजनबाबु श्रेष्ठ, टाटा मोटर्स लिमिटेड, स्पेयर पार्टसका इन्टरनेशनलबिजनेस प्रमुख राकेश मित्तल, टाटा मोटर्स लिमिटेड, इन्टरनेशनल बिजनेस कस्टमर केयर प्रमुख गणेश शेट्टी, सिप्रदी ट्रेडिङ प्रालिका प्रमुख अपरेटिङ अधिकृत राजेशप्रसाद गिरी, टाटा मोटर्स लिमिटेड, स्पेयर पार्टस्का

उक्त समारोहमा बोल्दै टाटा मोटर्स लिमिटेड, कस्टमर केयरका ग्लोबल हेड आर रामाकृष्णनले भने(‘टाटा मोटर्स जेन्युइन इन्जिन आयल ल्याएर हामीले ग्राहकहरूसँगको हाम्रो सम्बन्धलाई थप बिस्तार गरेका छौं । यी उत्पादनहरुलाई लिएर हामीले एकदमै सकारात्मक प्रतिक्रिया पाएका छौं । गाडीको अवस्था ठीक राख्न, कम इन्धन खपतका लागि र लामो ड्रेन इन्टरभलका लागि यो निकै उपयुक्त छ ।’

सिप्रदी ट्रेडिङका प्रमुख कार्यकारी अधिकृत श्री राजनबाबु श्रेष्ठले भने,’सबै सेग्मेन्टहरूमा ग्राहकपहिलो रोजाइ भन्ने हाम्रो उद्देश्यलाई पछ्याउँदै टाटा मोटर्ससँगको साझेदारीमा टाटा मोटर्स जेन्युइनआयल सार्वजनिक गर्न पाउँदा निकै खुशीको महसुस गरेका छौं ।’

टाटा मोटर्स जेन्युइन आयल सार्वजनिक भएको बारे बोल्दै टाटा मोटर्स लिमिटेड, स्पेयर पार्टसका इन्टरनेशनल बिजनेस प्रमुख राकेश मित्तलले भने,’सहज र निर्वाध यात्राको प्रत्याभूति दिनका लागि टाटा मोटर्स जेन्यूइन आयल बनाइएको हो किनकि यसले टाटा मोटर्सका कमर्सियल गाडीहरूका लागि सुपेरियर मल्टीप्रपोस आयल रेन्जको रुपमा काम गर्दै गाडीहरूको कार्यक्षमता बढाउँछ ।’

छोरीलाई पनि छोरा सरह स्कूल पठाऔं

जनआकाश मिडिया प्रा.लि.का लागिः प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६, कम्प्युटरः जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, E-mail: jana.news2065@gmail.com, मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस